# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti




सिद्धार्थ कुमार दर्शन गर्नुहुँदै ऋषि कालदेवल

वर्षः ४०, अङ्कः ८
बु.सं. २५६६, सकिमना पुन्हि



*श्रद्धेय भिक्षु धजवन्तोबाट धर्मशीला विद्वत् वृत्ति सम्मान-पत्र ग्रहण गर्नुहुँदै वीर्यवती गुरुमां*



नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

धर्मशीला विद्वत् वृत्ति व्यवस्थापन समिति

धर्मशीला बुद्ध विहार, पोखरा

सम्मान-पत्र

धर्मशीला बुद्ध विहारका संस्थापिका अनागारिका धर्मशीला गुरुमाको नाममा स्थापित धर्मशीला विद्वत् वृत्ति-२०७९, बुद्ध धर्मको अध्ययन, अनुसन्धान र अन्वेषणकालागि काठमाण्डौ स्थित धर्मकीर्ति विहारका आवासीय गुरुमा अनागारिका वीर्यवतीलाई स-सम्मान यो सम्मान-पत्र प्रदान गरिएको छ ।

धर्मशीला विद्वत् वृत्ति व्यवस्थापन समिति यहाँको सुख, शान्ति, सु-स्वास्थ्यका साथै उत्तरोत्तर उन्नति र प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछ ।

| | | |
|---|---|---|
| उत्तममान बुद्धाचार्य | भिक्षु धजवन्तो | प्रकाशमान उदास |
| संयोजक, छनौट समिति | प्रमुख अतिथि तथा सभापति | सचिव |

धर्मशीला विद्वत् वृत्ति व्यवस्थापन समिति, धर्मशीला बुद्ध विहार, पोखरा-३, नदीपुर

बुद्ध सम्वत् २५६६ (वि.सं.: २०७९ कार्तिक १८ गते शुक्रबार)

*धर्मशीला विद्वत् वृत्ति सम्मान-पत्र*

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६६

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२२

बिक्रम सम्बत् २०७९

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**8th NOVEMBER 2022**


| वर्ष- ४० | अङ्क- ८ | सकिमना पुन्हि | आश्विन २०७९ |
|---|---|---|---|


**पलख पलखं उत्पत्ति ज्वीम्ह, कजेयानां कजेयाय् थाकुम्ह, थः मन दुथाय् वनीम्ह, थुजाःम्ह चित्तयात वशे काय्गु अशल, चित्त वशे तःम्हसित हे सुख जुई ।**

**क्षण क्षणमा उत्पन्न हुने रोक्न कठिन हुने, जताततै दगुर्ने, स्वेच्छाचारी चित्तलाई दमन गर्नु नै वेस छ । चित्त दमन गर्नाले नै सुख पाइन्छ ।**

**It is good to tame the mind, which is difficult to hold in and flighty, rushing wherever it lists, a tamed mind brings happiness.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय - ऋषि कालदेवल | – स.ना.गो., अनु. वीर्यवती | २ |
| ३) | सम्पादकीय - गलति नदोहऱ्याउने व्यक्ति उत्तम | – | ३ |
| ४) | धर्म आचरणमा उतार्नु | – सत्यनारायण गोयन्का | ४ |
| ५) | स्नेही छोरी (उपन्यास)–४ | – वर्मी भिक्षु र वे थ्वं महास्थविर | ५ |
| ६) | धम्मपद – स्वाँ वर्ग | – सत्यमोहन जोशी | ९ |
| ७) | धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू | – | ९ |
| ८) | महान कथिन चीवर दान यायखनाः लयताःगु सः | – मनोरमा तुलाधर | १० |
| ९) | Compassion | – Lekh Ratna Shakya | ११ |
| १०) | धर्मकीर्ति समाचार | – | १२ |
| ११) | वातावरण बचाऔं | – विद्याकुमारी वज्राचार्य | १३ |
| १२) | धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग प्राप्त | – | १३ |


*आवरण चित्र परिचय*

# ऋषि कालदेवल

**कल्याण मित्र सत्यनारायण गोयन्का**

**अनुवाद- वीर्यवती**

ऋषि कालदेवल (असित देवल) त्यस समयका एक वयोवृद्ध प्रसिद्ध ब्राह्मण थिए । उनी शाक्य र कोलिय दुवै गण राज्यको राजपुरोहित थिए । यी दुबै राज्यहरूमा उनी सम्मानित र पूज्य थिए ।

ब्राह्मण भए पनि उनमा श्रमण परम्पराको गहिरो प्रभाव बसेको थियो । उनले श्रमण परम्पराको गहिरो आठौं ध्यानसम्म सिकिसकेका थिए । त्यसकारण उनलाई अनेक दिब्य ऋद्धिहरू प्राप्त भइसकेको थियो । श्रमण परम्परालाई ब्राह्मणहरूको रक्तशुद्धि धारणाले स्वीकार्न सकेको थिएन । एकपटक ऋषि कालदेवलले श्रमण भेष धारण गरी कोही ब्राह्मण तपस्वीहरूलाई तिमीहरूको सातपुस्ता देखि चल्दै आइरहेको रक्त शुद्धिको अहंकार मिथ्या हो, ठीक होइन भनी बुझाइ दिएको थियो । यसरी उनीहरूमा भएको भ्रम भंग गरिदिएको थियो ।

जब उनको जजमान शाक्यराज शुद्धोदनको राजकूलमा बालक सिद्धार्थ जन्मनुभयो, तब उसले आफ्नो ऋद्धिबलले देवताहरू सिद्धार्थको जन्मलाई लिएर खुशी मनाइरहेको थाहा पाए । त्यसैले उनी नवजात शिशु सिद्धार्थ दर्शन गर्नको लागि शुद्धोदनसँग भेटघाट गर्न आए ।

उसले जब राजकुमार सिद्धार्थलाई देखे, तब उसले बालकको शरीरमा झल्किरहेको महापुरुष लक्षणलाई देखेर यो बालक अवश्य पनि सम्यक सम्बुद्ध हुनेछ भनी विश्वास लिन थाले । यस बालकको तर्फबाट धेरैलाई अपूर्व कल्याण हुनेछ भन्ने कुरा थाहा पाई उनी अत्यन्त प्रसन्न हुँदै हाँसे । धेरैले भवसंसारबाट मुक्ति प्राप्त गर्नेछ भन्ने कुरा थाहा पाए । तर एकछिन पछि नै उनी रोए । यो दृश्य देखी यसको कारण सोधनी हुँदा ऋषिले रुनुको कारण यसरी बताए –

“ऋषि आफू अत्यन्त बृद्ध भइसकेको कारणले सिद्धार्थ कुमार बुद्ध हुने समयसम्ममा उनको मृत्यु भइसक्नेछ । भव संसारबाट मुक्त हुनको लागि उहाँले जुन ज्ञान पत्ता लगाउनु हुन्छ, उक्त अमूल्य ज्ञान प्राप्त गर्नको लागि उनी बञ्चित हुने भयो ।”

*(क्रमश २० पेजमा हेर्नुहोला)*

## ▪ सम्पादकीय ▪

# गलति नदोहऱ्याउने व्यक्ति उत्तम

मानिस एक सामाजिक प्राणी हो। एक स्वस्थ समाज निर्माण गर्नको लागि समाजका मानिसहरू इमान्दार र अनुशासित हुन अति आवश्यक छ। यस्ता पवित्र स्वभावका व्यक्तिहरूको बाहुल्यता रहुन्जेल समाजमा स्वर्गतुल्य शान्त र सुशासित वातावरण फैलिनेछ। तर जब उक्त समाजमा लोभी, क्रोधी, बेइमान, छलकपट र दुषित चित्त सहितका जालसाजी स्वार्थी व्यक्तिहरू घुस्नेछन्, तब उक्त पवित्र समाजको शान्ति डगमगाउने छ। अनि त्यहाँ नियमहरूको निर्माण गर्न अत्यावश्यक हुनेछ।

यसरी नै भगवान् बुद्धको जीवनकालमा भिक्षुसंघ स्थापना भएदेखि २० वर्षसम्म त कुनै पनि नियम बनाउन परेको थिएन। कसैले कसैमाथि अविश्वासको दृष्टिले हेर्न परेको थिएन। उहाँहरूको स्वच्छ एवं पवित्र बानी व्यवहारबाट मानिसहरू प्रभावित थिए। फलस्वरूप बुद्ध शासनमा लाभ सत्कार बढ्न थाल्यो। बढ्दै गएको लाभसत्कार देखेर प्रभावित लोभ चेतना सहितका बाह्य व्यक्तिहरू पनि बिस्तारै शासनमा भित्रिन थाले। वैराग्य चेतना भन्दा पनि लोभी, सुविधामुखी, ईर्ष्या, क्रोधी र चुकली गर्ने बानी व्यवहारले दुषित व्यक्तिहरू बढ्न थाले। शासनमा जति विकृती बढ्न थाले त्यति नै यसलाई रोक्नको लागि विनय नियमहरू पनि बन्दै गए। भगवान् बुद्धले ती भिक्षुहरूलाई अनुशासित गर्ने तालिम दिनको लागि भिक्षु सारिपुत्र र भिक्षु मौद्गल्यायनलाई पनि जिम्मा लगाउनु भयो। यही सिलसिलामा भिक्षु सारिपुत्रले भिक्षु संघलाई दिनु भएको ज्ञानको सार संक्षेप आजको समाजको लागि पनि उपयुक्त देखिन्छ –

**यस संसारमा चार प्रकार व्यक्तिहरू छन् –**

**१) आफ्नो गलती र कमजोरी महसूस नगर्ने। गलती भएको थाहा भए पनि त्यसलाई परवाह नै नगरी फेरि फेरि गलत कार्य गर्न नडराउने स्वभाव भएका मूर्ख व्यक्तिहरू।**

**२) आफूले गरिरहेको गलत व्यवहारलाई गलत गरिरहेको छु भन्ने कुरा नै थाहा पाउन असमर्थ मूर्ख व्यक्तिहरू।**

**३) आफूले वेहोशीमा गलत कार्य गरेकोलाई आफूबाट गलत कार्य हुन पुग्यो, आइन्दा यस्तो गलती गर्ने छुइन भनी आत्मालोचना गर्न सक्ने जागरुक एवं इमान्दार व्यक्ति।**


**४) आफूबाट कुनै गलत कार्य हुन पुगेको छैन भन्ने यथार्थतालाई बुझी, त्यस्तो गलत कार्य आफूबाट कहिले पनि गर्न नपरोस् भनी सधैं जागरुक रहन सक्ने इमान्दार एवं जागरुक व्यक्ति।**

**यी ४ प्रकारका व्यक्तिहरू मध्ये १ नं. र २ नं. का व्यक्तिहरू नीच र हीन जातका निम्न स्तरका मानिस समूहमा गनिन्छ। किनभने यिनीहरूले परिवार, समाज र देशका मानिसहरूलाई बाधा पुग्ने अशान्ति मच्चाउने गलत कार्यहरू दोहोऱ्याइ रहन्छन्। यिनीहरू समाज र देशका लागि बाधा, अड्चन बनिरहेका हुन्छन्।**

**तर नं. ३ र ४ का मानिसहरू प्रशंसनिय र उच्चस्तरका व्यक्तिहरू हुन्। किनभने यिनीहरूले समाज र देशका मानिसहरूलाई बाधा पुग्ने गलत कार्यहरू गर्ने छैनन्। यिनीहरू परिवार, समाज र देशका लागि बाधा, अड्चन बन्दैनन्। यिनीहरू परिवार, समाज र देशका लागि विश्वास पात्र सहयोगी र आधार भरोसा बन्न सक्छन्। उदाहरणको लागि दुईवटा भाँडाहरू किनेर ल्याइन्छ। एउटा पुरानो अर्को नयाँ। यदि ती दुवै भाँडाहरूलाई प्रयोगमा नल्याई फोहरमा थन्काइ राख्यो भने ती दुई मध्ये पुरानो भाँडा त झन् पुरानो हुँदै खीया लागी काम नलाग्ने बन्न सक्छ। नयाँ भाँडा पनि फोहर जमी खीया लागी त्यो पनि काम नलाग्ने हुन जान्छ। ठाउँ मात्र ओगट्ने बेकारको भाँडो बनिदिन्छ। आफ्नो गलती दोहोऱ्याउने बाधक व्यक्तिहरू जस्तै।**

**तर त्यही दुई भाँडाहरूलाई फोहरमा नफाली आवश्यक कामको प्रयोगमा ल्याई सधैं खरानी र साबुनले माझी ठीक ठाउँमा राख्न सकेमा ती दुवै पुरानो र नयाँ भाँडाहरू टल्की रहनेछ। आवश्यक परेको बेला दुवै भाँडाले आवश्यक काम दिइरहने छ। कसैको बाधक बन्ने छैन। गलती महसूस गरी आफूबाट गलती**

*(क्रमश ८ पेजमा हेर्नुहोला)*



# धर्म आचरणमा उतार्नु

✍ सत्यनारायण गोयन्का

धर्म के हो भन्ने कुरा बुझ्दै रहनु पर्छ ।

शुद्ध चित्तको आचरण नै धर्म भनेर बुझ्नु । चित्त शुद्ध भयो, निर्मल भयो र आचरणमा लागु भयो भने धर्म भयो भनेर बुझ्नु । धर्मको केवल चर्चा नै चर्चा गर्दै रह्यो, धर्मको विषयमा केवल वाद-विवाद गर्दै रह्यो, तर्क-वितर्क गर्दै रह्यो र धर्म ग्रहण गरेन भने, धर्मको शुद्धताको विषयमा गफ गर्दै बस्यो धारण गरेन भने के फाईदा भयो र ? तब धर्म भएन, गफ मात्रै भयो ।

“धारण करे तो धर्म है, वरना कोरी बात” । धर्म गफ गर्ने विषय मात्र हुनु हुँदैन । ग्रहण गर्नु पर्छ, जीवनमा लागु हुनुपर्छ ।धर्मग्रहण गर्नको लागि पहिला धर्म के हो भन्ने बुझ्नु पर्यो अन्यथा धर्म कसरी ग्रहण गर्न सक्छ ?

मानौं कोही ब्यक्तिले चित्त निर्मल गर्नाले धर्म हुन्छ भनेर राम्ररी बुझेको छ । धर्मलाई जीवनमा उतार्नु पर्छ भनेर पनि बुझेको छ । तर उसले चित्त निर्मल गर्ने काम गर्दैन आचरणमा ल्याउने काम पनि गर्दैन भने त्यस ब्यक्तिको दुर्भाग्य नै भयो नि ।

जब म रिसाउँछु, रिसको कारण ब्याकुल हुन्छु, अशान्त हुन्छु, बेचैन रहन्छु तर विहान सबेरै उठेर दिनहुँ भजन चाहिँ गाउँछु की वीतक्रोध हुनुपर्छ, वीतराग हुनुपर्छ । भजन गाउँदा रमाईन्छ, यही शान्ति हो यही सुख हो, यही धर्म हो जस्तो लाग्छ । तर यसलाई व्यवहारमा ल्याउनु पर्‍यो नि । खाली गफ, खाली चर्चा, खाली विवाद, खाली तारीफ मात्रै गरेर के गर्ने । धारण गर्नु पर्‍यो नि । धारण नै गरेन भने आफूलाई कसरी धर्म प्राप्त हुन्छ ? यो कुरा जसले जति छिटो बुझ्छ उसलाई त्यति नै बडि फाईदा हुन्छ, उसको कल्याण हुने बाटो त्यति नै चाँडो खुल्नेछ । धर्मको मार्गमा अघि बढ्ने छ, बेकम्माको कुरामा आफ्नो समय खेर फाल्ने छैन ।


धर्मको कुरा सुन्नु पर्छ, त्यस माथी विचार विमर्श गर्नु पर्छ ताकि प्रेरणा प्राप्त होस् । यसबाट धर्म संवेग उत्पन्न हुन सक्छ कि ओहो मैले धर्म धारण गर्नुपर्छ, अब मैले धर्म धारण गरेको छ छैन अरूले कसरी थाहा पाउने ? मेरो मन निर्मल भएको छ छैन, शान्त भएको छ छैन अरुले कसरी थाहा पाउने ? निश्चित रूपले मेरो व्यवहारले नै थाहा पाउँछ । मेरो कृयाकलाप हेरेर नै थाहापाउँछ । मेरो शारीरिक कर्म हेरेर, मेरो वाचिक कर्म हेरेर नै थाहापाउँछ ।

मानौं मैले कुनै प्राणीको हत्या गरें, उसको प्राण लिएँ भने मेरो शरीरबाट दुष्कर्म हुन गयो । मैले कसैको सामान चोरें, छिनेर लिएँ, लुटेर लिएँ भने मेरो शरीरबाट दुष्कर्म हुन गयो । मैले झूठो बोले कसैलाई ठग्ने कोशिश गरें भने, चुगली गरें, परनिन्दा गरें, बढाई चढाई कुरा गरें, अरूलाई झगडा गराएँ, ब्यर्थको कुरा गरें भने आफ्नो समय खराब हुनुको साथै अरुको समय पनि खराब गर्छु । यसबाट वाणीको दुष्कर्म भयो ।

शरीरबाट दुष्कर्म गरेर, वाणीबाट दुष्कर्म गरेर, नशालु पदार्थ सेवन गरेर पनि म बडो धार्मिक ब्यक्ति हुँ । म जस्तो धर्मवान् ब्यक्ति को छ ? म फलानो मन्दिरको पूजा गर्ने, यस्तो कर्मकाण्ड गर्ने यस्तो मन्दिरमा जाने, फलानो चर्चमा जाने, त्यहाँको चैत्यमा गएर कर्मकाण्ड गर्ने म जस्तो धार्मिक ब्यक्ति को होला ? अथवा म यस्तो दार्शनिक मान्यता मान्ने म जस्तो धार्मिक ब्यक्ति को होला ? यस्तो सोच्यो भने त धोखा भयो नि । जीवन ब्यवहारमा धर्म देखा परेको छैन । शारीरिक, कर्मले धर्म देखाएको छैन, वाणीको कर्मले धर्म देखाएको छैन भने धार्मिक कसरी भयो ?

शरीरको कर्म किन दूषित हुन गयो ? वाणीको कर्म किन दूषित हुन गयो ? मनको कर्म किन दूषित हुन गयो ? किनकि मनमा मैलो जमेकोले हो नि । मैले कसैको हत्या गर्छु भने मेरो मनमा क्रोध भएर हो, द्वेष-दुर्भावना भएर हो । मनमा लोभ जागेर नै कसैको सामान चोरी

*(क्रमश ९ पेजमा हेर्नुहोला)*



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

*भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## ४. दाजु र बहिनीको तरकीब

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

"हुँदैन । यसरी जानु हुँदैन ।"

"अब मलाई नरोक्नुस्, दाजु ! साथीहरू सबै व्यवस्था मिलाएर तयार भइसकेका छन् । बर्मी भिक्षुलाई हामी आइपुग्ने खबर समेत पठाइसकेको छु ।

अब यो अवस्थामा आएर म कसरी पछि हट्ने ? म त अब जान्छु, जान्छु । ....

म कुनै अवाञ्छित काममा जान लागेको होइन । सबैको भलो हुने कामना लिएर बुद्ध-धर्मको अध्ययनको लागि जाँदैछु । माहिलो दाजु मानकाजीले कुशीनगरसम्म पुऱ्याइदिएर बर्मातिर गएको हेरेर मात्र फर्कने जिम्मा लिइसक्नुभएको छ । त्यसैले तपाइँले बढी चिन्ता लिनुपर्ने केही कारण छैन ।"

गणेशकुमारी उसका सँगिनीहरूका साथमा बर्मा जाने पक्का भइसकेको छ भन्ने कुराको सुराक पाएकोले उसको जेठो दाजु धनकाजी आफ्नी बहिनी गणेश-कुमारीलाई त्यसरी जानबाट रोक्ने प्रयासमा निकैबेर देखि लागि रहेको थियो ।

गणेशकुमारीकी आमा हिराथकूँले आफ्नो लोग्ने हर्ष मानसँग आफ्नी छोरीलाई बर्मा पठाउने सम्बन्धमा धेरै पटक अनेक प्रकारले कुरा गरेकी थिई । यसरी कुरा गरेर हेर्दा उसले के थाहा पाएकी थिई भने हर्षमानको भित्री मनमा आफ्नी छोरीले त्यति बिघ्न इच्छा गरेको त्रिपिटक पढ्न जाने काम असल काम नै भएकोले ऊ गए जाउन् भन्ने भएतापनि उसको छोरी प्रति भएको गहिरो स्नेह र छोरीले परदेशमा अनावश्यक दुःख पो पाउने हुन् कि भन्ने आशङ्काले मात्र उसले आफ्नी छोरीलाई बर्मा पठाउने सहमति दिन नसकेको हो । त्यसैले हीराथकूँले आफ्नो श्रीमान्लाई थाहा नदिइकन नै छोरीलाई सुटुक्क कुशीनगर पठाउने निधो गरेकी थिईन् ।

गणेशकुमारीकी आमा– हिराथकूँ तथा शुभलक्ष्मी र मनोहरदेवीकी आमा – लक्ष्मीमाया, यी दुई जना थेरवादी बुद्ध–धर्म प्रति गहिरो श्रद्धा भएका उपासिकाहरूले आ-आफ्ना छोरीहरूलाई थेरवादी बुद्ध-धर्म पढ्न बर्मा पठाउने निश्चय गरेर त्यस सम्बन्धमा सम्पूर्ण व्यवस्था चुपचापसित मिलाइसकेका थिए । गणेशकुमारीलाई पुऱ्याउन उसको माहिलो दाजु मानकाजी र मनोहरादेवी तथा शुभलक्ष्मीलाई पुऱ्याउन उनीहरूकी आमा लक्ष्मीमाया स्वयम् नै कुशीनगरसम्म जाने भएका थिए । मानकाजी र लक्ष्मीमाया लगभग एक महिना जति कुशीनगरमा रहेर गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मीलाई बर्मातिर पठाइसकेपछि मात्र नेपाल फर्कने योजना बनाइएको थियो । हिन्दुस्थानमा मीठो चामल नपाइने हुनाले चामल आदि अन्य आवश्यक सम्पूर्ण सामान पनि नेपालबाटै लैजाने व्यवस्था गरिएको थियो । त्यसताका नेपालबाट भारततिर जाने आइमाई तथा केटीहरूका लागि एक प्रकारको विशेष राहदानी चाहिने भएकाले त्यसको पनि व्यवस्था गरिएको थियो । तर हर्षमानले थाहा नपाउने गरी गणेशकुमारी घरबाट निस्कनु पर्ने भएकोले खालि त्यही मौकाको मात्र पर्खाइ थियो ।

हर्षमानको व्यवसाय तामा, पित्तल, चरेश, काँस आदि विभिन्न धातुका भाँडा-कुँडा विभिन्न कालिगढहरूका घर-घरमा उत्पादन गर्न लगाएर त्यसको बिक्री-वितरण गर्नुथियो । त्यस्ता भाँडा-कुँडाहरू बनाउने कालिगढहरूका मूल थलो ललितपुर शहर थियो । तर ती कालिगढहरूद्वारा भाँडा-वर्तन बनाउन लगाउनमा कच्चा पदार्थको रूपमा प्रयोग हुने पत्र् अर्थात् पुरानो थोत्रो भाँडाकुँडाहरू जम्मा हुने र नयाँ तयारी भाँडा-वर्तनहरू बिक्री-वितरण हुने थलोहरूमा राजधानी भएको नाताले काठमाण्डौ नै प्रमुख थियो । त्यसैले हर्षमानले आफ्नो कारोवारलाई काठमाण्डौ अथवा ललितपुर दुई मध्ये कुनै एक शहरमा मात्र सीमित नराखेर दुईओटै शहरहरूमा समान रूपले चलाएको थियो । त्यसैले ऊ केहि दिन काठमाण्डौको पसलमा रहन्थ्यो त केही दिन ललितपुरमा बस्दथ्यो ।

आफ्नी छोरी बर्मा जाने सूरमा छे रे भन्ने कुरोको चाल पाएदेखि ऊ लगातार ललितपुरमै रहिरहेको थियो । ऊ लगातार ललितपुरमै रहेर छोरी र स्वास्नीको प्रत्येक गतिविधिको चेवा लिएर बसेको थियो । तर धेरै दिन देखि त्यस सम्बन्धमा खास केही शङ्कापूर्ण कामकुरो भएको नदेखिएकाले ऊ आज काठमाण्डौ गएको थियो । काठमाण्डौमा भए-गरेको सम्पूर्ण कारोबारको हिसाब-किताब हेर्न घटिमा पनि एक-दुई रात उसले काठमाण्डौमै बस्नुपर्ने थियो । उसले आफ्नो अनुपस्थितिमा गणेशकुमारी र हीराथकूँको चेवा लिन जेठो छोरा धनकाजीलाई काठमाण्डौबाट ललितपुरमा बोलाएर सबै कुरो सम्झाएर गएको थियो ।

गणेशकुमारी र उसका सँगिनीहरू यस्तै मौका पर्खेर बसेका हुनाले अर्को दिन बिहान सबेरै कुशीनगर जाने भएका थिए । सकभर छिटो घरबाट टाढा पुग्न ललितपुर देखि भारत जाने बाटोमा जहाँसम्म मोटर चल्छ त्यहाँसम्म मोटरबाट जान एउटा मोटरको व्यवस्था पनि गरिएको थियो । आवश्यक सबै व्यवस्था बडो गोप्य ढङ्गबाट गरिएको भएता पनि त्यो दिन बेलुकीसम्ममा त्यसको केही भनक धनकाजीले पाएको थियो । त्यसैले ऊ कोठामा सुत्न गइसकेकी गणेश कुमारीलाई बोलाउन लगाएर त्यसरी सुट्ट भागेर नजान सम्झाउने प्रयासमा लागिरहेको थियो ।

त्यस जमानामा देशमा सुलभले उपलब्ध हुने संस्कृत साहित्य पढेको धनकाजीले आफ्नी जिद्दी बहिनीलाई मनाउन साम, दाम, दण्ड, भेद नीतिका सबै तरिकाहरू अपनाइरहेको थियो– "तिमी घरको एक्ली छोरी हौ । एक्ली छोरीले यसरी घर त्यागेर जाँदा लोकमा कस्तो उपहास हुनेछ हामीहरूको ? तिमीले यसरी घर त्यागेर हिंड्नु पर्ने त्यस्तो के परेको छ ? हामीले तिमीलाई कहिले के चीजमा कमी महसुस गराएका छौं ? हामी सबैले तिमीलाई मनग्य माया ममता दिइरहेका छौं । बुबा त झन विशेष रूपमा माया गर्नुहुन्छ तिमीलाई । तिमीले देखेकी नै छौ, तिमी बर्मा जाने कुरो भएदेखि उहाँ कति चिन्तित हुनुहुन्छ । तिम्रै चिन्ताले उहाँ काठमाण्डौमा जाँदै नगइकन लगातार घरैमा बसिरहनु भएको थियो । आजै मात्र अब त तिमी जाने भएनौ होला भन्ने विचारले काठमाण्डौ जानुभएको छ । अनि यही मौकामा तिमी सुट्ट गयौ भने उहाँ प्रति कस्तो विश्वासघात हुनेछ ? उहाँलाई कस्तो मानसिक चोट पर्नेछ ? के यतातिर पनि सोचेकी छौ तिमीले ?"

आफ्नो जेठो दाजु धनकाजीको उपरोक्त भनाइले गणेशकुमारी केही सोच्नमा बाध्य भई । ऊ सोचाईमा डुब्दै गई– "साँच्चै दाजुको यस भनाइमा केही सत्यता छ ! जान पायो भन्दैमा सुट्ट भागेर जानु कायरता मात्र होइन एक प्रकारले अपराध पनि हो । भोलि बुबालाई गहिरो मानसिक चोट पर्न गयो भने ...

– तर हुन सक्दैन । यस्तो हुनै सक्दैन । यस्तो हुनै सक्दैन । मलाई माया गर्ने बुबामात्र हुनुहुन्न । आमा पनि कम माया गर्नुहुन्न मलाई । तैपनि आमा मलाई बर्मा पठाउने काममा हरतरहले सघाउँदै हुनुहुन्छ । जाने दिन नजिक आएपछि उहाँको दुःख उघ्रदै आएको स्पष्ट भएको छ । सानदाईले राहदानी ल्याएको दिन उहाँको आँखाबाट आँसु टप्केको थियो । मसँग बिछोड्नु पर्दा आमालाई त बुबालाई भन्दा पनि बढी दुःख हुनेछ । तर पनि उहाँ मलाई सघाउँदै हुनुहुन्छ । किनभने म असल काममा जाँदैछु भन्ने कुरो उहाँलाई थाहा छ । म असल काममा जाँदैछु भन्ने कुरो बुबालाई पनि थाहा नभएको त पक्कै होइन । तर आमाले जस्तो आफ्नो बिछोडको दुःखलाई दबाउने प्रयास बुबाले गर्नु भएको छैन । फरक त्यति मात्र हो । म जान्छु, म गइसकेपछि के बुबाले मात्रै आफ्नो बिछोडको दुःखलाई सहनु हुने छैन र ? अवश्य सहनु हुनेछ ।

दाइको कुरो मलाई अलमलाउने तर्क मात्र हो । म आफ्नै निश्चयमा अडिग हुनुपर्छ ।"

आफ्नो तर्कको कारण बहिनी सोचमा परेको देख्दा खुसी भइरहेको धनकाजीले ठीक त्यही बेला आफूले बोलाउन पठाएको आफ्नो मामा पनि आइपुगेको देख्दा झन खुसी हुँदै भन्यो– "लौ, मामा पनि आइपुग्नु भएछ । बस्नुस् मामा, अब तपाईं नै सम्झाउनुस् यसलाई ।"

बोलाउन आउने मार्फत मामाचाहिंले सम्बन्धित सबै कुरो थाहा पाइसकेको थियो । त्यसैले उसले सिधै आफ्नी भाञ्जीलाई सम्झाउन थाल्यो– " हो त भाञ्जी ? तिम्रो यो अहिलेको उमेर घर त्यागी हिंड्ने उमेर भएको छैन । यस्तो उमेरमा त्यस्तो नचाहिने कुराको कल्पना गर्नु नाहकमा आफ्ना आफन्तहरूलाई दुःख दिनु मात्र हो । ...."

"खालि कल्पना गराइ मात्र होइन, मामा ! बुबा घरमा नभएको मौका पारेर तपाइँकी भाञ्जी भोलि-पर्सि नै हिंड्दैछे । यस्तो अबेर रातमा बुबालाई काठमाण्डौबाट फिर्ता बोलाउन नभ्याउने भएकाले मामालाई दुःख दिएको । मामाले एकपल्ट राम्ररी सम्झाउनु पऱ्यो यिनीलाई ।"

"हाँइ !" – मामाले झस्कँदै भन्न लाग्यो– "यो त राम्रो कुरो भएन । पहिलो कुरो भिनाज्यू नभएको मौका पारी जानु त हुँदै हुँदैन । दोस्रो कुरा हिजो आजको परि स्थितिले पनि तत्काल बर्मा जाने कुरो हुनै सक्दैन । अहिले त्यहाँको वातावरण नै ठीक छैन । बर्मामा अझै आन्तरिक युद्धको वातावरण मदारिरहेको छ । चारैतिरका गाउँहरू कम्युनिष्टको कब्जामा छन् । उनीहरू राजधानी लगायत सबै शहरहरू कब्जामा लिन अशान्ति मच्चाइरहेका छन् । भोलि के हुनेछ कसैलाई थाहा छैन । भोलि कम्युनिष्टको सरकार बन्यो भने बौद्ध धर्म पढ्ने-पढाउने कुरा छोडौं, देशमा कसैलाई आउन–जान त दिइने छैन रे । यस्तो अवस्थामा पनि कोही बर्मा जान्छ ? पहिले त्यहाँ शान्ति होस्, व्यवस्था मिलोस् अनि पछि बल्ल सोच्ने कुरा आउँछ ।"

गणेशकुमारीको मामा दरवारमा शिल्पकलाको काम गर्ने कालिगढहरूको नाइके थियो । त्यसैले उसमा सामान्य नागरिकहरूमा भन्दा बढी बहुश्रुत ज्ञान थियो । उसले त्यही ज्ञान भाञ्जीलाई तर्साउन प्रयोग गरेको थियो ।

रातको त्यो बेलामा, त्यो पनि यात्रारम्भको ठीक अघिल्लो रातमा दाजुको बोलाहटमा मामा आइपुगेकोले गणेशकुमारीको मनमा कहीं दाजुले सम्पूर्ण योजनाको चाल पाएको त होइन भन्ने आशङ्काको बादल छाएको थियो । तर दाजु र मामाको कुरा गराइबाट उनीहरूले आफूहरूको गोप्य योजनाबारे अझै सही रूपमा थाहा पाइनसकेको स्पष्ट भएपछि गणेशकुकारीले केही राहत पाएकी थिई । त्यस्तै राहत मिलेको थियो, अबेर रातमा घर आएको भाइको स्वर सुनेर सन्देहित भएर बैठकमा आएकी, हिराथकूँलाई पनि । तर गणेश कुमारीको मामाले बर्मामा अझै अशान्ति छ भन्ने कुराको जानकारी दिएकाले आमा-छोरी दुबैको मनमा फेरी अर्कै त्राश उत्पन्न गराइदियो । मामाको कुरो टुङ्गिदा नटुङ्गिदै आमाको अनुहार त्यस नयाँ त्राशको कारण कालो-नीलो भएको देख्दा गणेशकुमारीले मामाको कुरो यसरी काटी – "तपाइँको कुरो बासी भइसकेको छ मामा ? अहिले त्यस्तो अशान्तिको वातावरण बर्मामा छैन । त्यसैले त बर्मी भिक्षुले बर्मा जाने भए अब आए हुन्छ भनेर खबर पठाउनु भएको । मामालाई झैं बर्मी भिक्षुलाई पनि चिन्ता छ, हाम्रो । यसरी बर्मामा शान्ति भइसकेपछि मात्रै हामीलाई बर्मामा पठाउने बिचारले नै त हो उहाँले हामीलाई उहिले उहाँ नेपाल आउनु भएको बेलामा नै सँगै नलैजानु भएको । नत्र त हामी उहिले नै उहाँ सँगै गइसकेका हुने थियौं ।"

वास्तवमा गणेशकुमारीले यी राजनैतिक परिस्थिति बारे कहिले पनि सोचेकी थिइन । मामाको कुरा सुन्दा शुरूमा ऊ पनि तर्सेकी नै थिई । तर अकस्मात उसको दिमागमा निम्न कुरा उब्जन गएको थियो– "बर्मी भिक्षुले उहाँको चिट्ठिमा यो विषयमा केही पनि उल्लेख गर्नुभएको छैन । अहिले पनि मामाले भन्नु भए झैं अशान्ति मच्चि- रहेको भए उहाँले पक्कै पनि केही उल्लेख गर्नुहुने थियो होला । हो नहो मामाले मलाई तर्साउन पुरानो कुरो सुनाउनु भएको हुनुपर्छ ।"

त्यसैले नै उसले माथिका शब्दहरूले अँध्यारोमा तीर हानेकी थिई । तर अँध्यारोमा हानेको तीर सही ठाउँमै लागेको थियो । वास्तवमा जिद्दी भाञ्जीलाई मनाउनलाई बासी समाचार सुनाई तर्साउनु नै सरल हुने सम्झेर मामाले त्यो तरिका अपनाएको थियो ।

भाञ्जीले आफ्नो चोरी पकडेपछि एकैछिन अकमकिनु परेपनि कुरा गराइमा सिपालु मामाले घुमाइ-फिराइ अनेक तरिकाले घण्टौ सम्झाइरह्यो । अन्तमा उसले आफ्नी दिदीलाई यसरी भन्यो "हेर्नुस् दिदी ! तपाईंले छोरीलाई यसरी चाहिने भन्दा बढी पुलपुल्याउनु भएन । ऊ अझै सानी छे । उसको बुद्धि पनि एकोहरो छ । सबै कुरो तपाइँ-हामीले राम्ररी विचारेर गर्नुसक्नु पर्छ । पछि जसो गर्नु परेपनि भिनाज्यूको सहमति नभएसम्मलाई उसलाई जानुबाट रोक्नै पर्छ । भिनाज्यूसँग छलफल गर्न म पछि आउने छु । ... ...

रात धेरै बितिसकेको छ । अहिलेलाई म जान्छु पनि ।"

यति भनेर ऊ जानलाई उठ्यो । तर दिदीको मुखबाट त्यसदिन भाइका लागि एक शब्द पनि निस्केन । ऊ भाइलाई बिदा गर्न पनि गइन । उसलाई पुऱ्याउन धनकाजी मात्रै मूलबाटो सम्म गयो ।

गणेश कुमारीको मामा आएको बेलामा हिराथकूँ र मानकाजी चुपचापसित अर्को दिन बिहान सबेरै सुरु हुने यात्राको लागि व्यवस्था गर्नमा व्यस्त भइरहेका थिए । अन्य व्यवस्थाका साथै हिराथकूँले मानकाजी मार्फत बर्मी भिक्षुको नाममा एउटा महत्वपूर्ण पत्र पनि लेखेकी थिई । हिराथकूँले सही गरिदिएको त्यस पत्रमा आफ्नी छोरीलाई कुशीनगर पुऱ्याएर जिम्मा लगाउन आउनमा बिभिन्न कारणले आफू स्वयम् आउन असमर्थ भएकोमा अफशोच व्यक्त गर्नुका साथै आफ्नी छोरीलाई एउटा सुहाउँदो खालको अनगारिकाराममा पठाएर बुद्ध-धर्मको अध्ययन गराउने सम्बन्धमा सम्पूर्ण अधिकार समर्पण गरेको कुरो स्पष्ट रूपमा उल्लेख गरिएको थियो ।

आफ्नो भाइ आएकाले हिराथकूँ बैठक कोठामा आए पछि बाँकि जोरजाम गर्नमा मानकाजी एक्लै लागेको थियो । मामा फिर्ता जाउञ्जेलसम्ममा मानकाजी मिलाउनु पर्ने सबै काम मिलाइसकेर सुत्न पनि गइसकेको थियो । त्यसैले भाइ फर्केपछि हिराथकूँ पनि आफ्नै कोठातिर लागी । तर धनकाजी भने अझै सुत्न जाने बिचारमा थिएन । ऊ फेरि पनि बहिनीलाई सम्झाउनमा लाग्यो– "मामाको कुरो जायज छ । बर्मामा अझै स्थायी शान्ति भइसकेको छैन । अर्को कुरो यो वर्ष मौसम पनि प्रतिकूल छ । जेठ महिना लाग्ने वित्तिकै । मनसुने झरी झर्न थालिसकेको छ । यो यात्रा गर्न राम्रो बेला होइन । तिमीले केही महिना पर्खनै पर्छ । त्यतिञ्जेलसम्ममा जसरी भएपनि बुबालाई मनाउने मेरो जिम्मा भयो । दशैं–तिहारसम्ममा मौसम पनि राम्रो हुनेछ र त्यसबेलासम्ममा बुबालाई मनाएर म आफै तिमीलाई सके बर्मा सम्मै नसके कमसेकम पनि कलकत्तासम्म पुऱ्याउन आउनेछु । ... ...

तिमीलाई पठाउने कुरोमा म अब पूर्ण सहमत छु । तर तिमीले केही समय धैर्य गर्नुपर्छ । केही महिना धैर्य गर्न सक्छौ होइन त ?"

यस प्रश्नको जवाफ गणेशकुमारीले के देउन् ? केही महिना होइन केही घण्टा पछि यात्रारम्भ हुन गइरहेको थियो । त्यसैले उसले एक छोटो तर दुबैलाई समान सन्तोष दिने जवाफ दिई– "हुन्छ, त्यसो भए म भोलि तपाइँलाई आफ्नो निर्णय थाहा दिनेछु ।"

यो जवाफ पाएपछि कमसेकम भोलिसम्म त आफ्नो बहिनी घरमै हुने रहेछ भन्ने कुरोमा ढुक्क हुन पुगेको धनकाजी आफ्नो कोठातिर गएपछि अर्को दिन बिहान सबेरै पूर्व योजनानुसार यात्रारम्भ गरेर आफ्नो निर्णय थाहा दिन पाउने भएकी गणेशकुमारी पनि त्यत्तिकै सन्तोष भएर आफ्नो कोठातिर लागी । ■

### धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०७९ साल | बुद्ध पूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | आश्विन १७ गते, सोमवार, अष्टमी | शुभवती | शुभवती |
| २ | आश्विन २२ गते, शनिवार, श्रीघः पुन्हि | केशावती | केशावती |
| ३ | आश्विन २३ गते, आइतवार, कतिं पुन्हि | खेमावती | खेमावती |
| ४ | कार्तिक १ गते, मंगलवार, संक्रान्ति, अष्टमी | त्यागवती | त्यागवती |
| ५ | कार्तिक ८ गते, मंगलवार, औंशी | अमता | अमता |

### गलति नदोहोऱ्याउने व्यक्ति उत्तम ... ...

**नदोहोरियोस् भनी जागरुक रहने र आफूबाट गलती नभएको थाहा पाउने व्यक्तिले आफूबाट गलती हुन नदिन जागरुक रहने प्रशंसनिय र उच्चस्तरको व्यक्ति जस्तै ।**

भिक्षु सारीपुत्रको यस उपदेशले धेरैजसो भिक्षुहरूले आ-आफ्नो गलती महसूस गरी बानी सुधार्न सफल भएका थिए ।

त्यसैले भिक्षु सारीपुत्रले दिनुभएको यस शिक्षालाई हामीले पनि पालन गरी जीवन धन्य बनाउन सकौं । अज्ञानताबस हामीबाट पनि कहिले काहिं गलती त हुन सक्छ । तर त्यस गलतीबाट ज्ञान लिई फेरि त्यस्तो गलती आफूबाट हुन नदिन हामी जागरुक बनी उच्चस्तरको प्रशंसनिय व्यक्ति बन्न सकौं भन्ने हाम्रो कामना रहेको छ ।

सकिमना पुन्हि (कार्तिक पूर्णिमा) भिक्षु सारिपुत्र परिनिर्वाण हुनु भएको उपलक्ष्यलाई लिई उहाँले दिनुभएको सारगर्भित ज्ञान यहाँ उल्लेख गरियो ।

भवतु सब्ब मंगलम् ॥

# स्वाँ वर्ग



*भावानुवाद* - **सत्यमोहन जोशी**

देव सहित पृथ्वी व यमलोक बुकी सुनां ?
धर्मया पद बांलाक स्वांथें ल्यया ज्वनी सुनां ? ॥१॥
शैक्ष धैम्हँ बुकी उक्त पृथ्वी व यमलोक सो !
शैक्ष धैम्हँ ल्यया काई धर्मया पद भिंगु सो ! ॥२॥
सीका शरीर पीजाथें अथवा मृगया जल !
मृत्यु त्रास बिना चोने तोथुला मार बन्धन ! ॥३॥
रागादिं युक्त स्वां थ्वेगु आसक्तपिं मृत्युं ज्वनी ।
द्यना चोंपिं मनू गामे गथे च्वीक खुसिं यनी ! ॥४॥
पञ्च काम गुण युक्त स्वांले आसक्तपिं जुया ।
कामे तृप्त जूपिन्त मृत्युं ज्वनी वशे कया ! ॥५॥
वर्ण गन्ध मस्यंकूसे स्वां रस भंमलं कया ।
वनीथैं, मुनिजुं गामे चाहिला ज्वीगु भिं धया ! ॥६॥
पर दोष तया अन्य कृत अकृत स्वे मते ।
कृत अकृत थःगुहे ज्वी अत्युत्तम स्वे बले ॥७॥
गन्ध रहित बांलागु पुष्प अमूल्य ज्वी मखु ।
कार्य हीनगु बांलागु खँ नं अमूल्य ज्वी मखु ॥८॥
सुगन्ध युक्त बांलागु पुष्प अमूल्य ज्वी गथे ।
सुकार्य युक्त बांलागु खँ नं अमूल्य ज्वी अथे ॥९॥
स्वांद्वें बांलागु स्वां माला स्वांमा हँथें पबित्रगु ।
संसारे जन्म जूपिन्सं स्वां हनेमा सुकर्मगु ॥१०॥
चन्दन पुष्पया बास्ना फय् मवं थाय् वने मफु ।
उखे सत् व्यक्तिया वास्ना फय्या विरुद्ध वनेफु ॥११॥
पलिस्वां व चमेलिस्वां तगर चन्दनादिया ।
बास्नासिकं अपो भिं ज्वी बास्ना उत्तम शीलया ॥१२॥
तगर सिन्हया बास्ना अल्प केबल ज्वी थन ।
शील सुगन्ध चाःहिला फैले ज्वी देव लोकन ॥१३॥
शीलं पूर्ण जुयाचोंम्ह अप्रमादी जुया अझ ।
युक्तम्ह व्यक्तिया मार्ग मारं खंकेगु फै गन ? ॥१४॥
तव्या तधंगु लँपुइ दै गन वान्छोगु फोहर ।
वहेथासे बुयाचोनी गुलाफ पुष्प सुन्दर ॥
क्लेशं युक्तजुया चोंपिं व्यक्तिया पुचले तथा
सम्बुद्ध शिष्यपिं प्रज्ञां प्रकाशमान ज्वी सदा ! ॥१५॥

## धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

*क्र.सं. १३०*

**डा. रश्मी राजकर्णिकार**
काठमाडौं
रु. २,०००/–

*क्र.सं. १३१*

**रीना मानन्धर**
चसान, काठमाडौं
रु. २,०००/–

*क्र.सं. १३२*

**वीणा मानन्धर**
चसान, काठमाडौं
रु. २,०००/–

*क्र.सं. १३३*

**बसुन्धरा मानन्धर**
नयाँबजार, काठमाडौं
रु. २,०००/–

*क्र.सं. १३४*

**जयवती गुरुमां**
रत्नकीर्ति बौद्ध विहार
हात्तिवन, ललितपुर
रु. २,०००/–

## धर्म आचरणमा उतार्नु ... ...

गर्दछ। मनमा वासना जागेर नै ब्यभिचार गर्दछ। मनमा अहंकार जागेर, ईर्ष्या जागेर नै झूठो बोल्दछ, निन्दा चुगली गर्दछ र मन मैलो गर्दछ।

मन मैलो गर्नु हुँदैन भन्ने कुरा त बुझियो। मन मैलो गर्नाले सबैभन्दा पहिला आफूलाई दुःख हुँदो रहेछ। जब म रिसाउँछु तब सबैभन्दा पहिला त मेरो शरीर र वाणी दुष्कर्म हुन गयो त्यस दुष्कर्मको कारण पछि अर्को ब्यक्ति दुःखी भयो। पहिलो शिकार त म हुन्छु पछि अर्को ब्यक्ति हुन्छ। पहिला म ब्याकुल हुन्छु कुनै पनि प्रकारको बिकार जगायो भने दुःखी त भईहाल्छ।

*(क्रमश २० पेजमा हेर्नुहोला)*



# महान कथिन चीवर दान यायखना: लयता:गु स:

✍ **मनोरमा तुलाधर**, ज्याठा



*सयादो उ सुजनपिय व निर्मलत्राणी गुरुमांनाप कथिन दाता तताक्येहँ*

मिति २०७९ आश्विन २७ विहिवारया दिनस जिपिं तताक्येहँ पुचः पाखें रत्न विपश्यना विहार, सानो भऱ्याङ्गय् कथिन चीविर दान यायखना: जिपिं सकलें लय्ता: । थुगु विहारय् श्रद्धेय सयादो उ सुजनपिय महास्थविर आषाढ पुन्हि (गुरु पुन्हि) निसें आश्विनया कतिं पुन्हि स्वलातक पूवंक वर्षावास च्वना बिज्या:गुलिं जिपिं तताक्यहँ पुचः मिले जुया: महान कथिन दान याय्गु सुअवसर चूला:गु खः ।

थौंकन्हे कथिन दान याय्गु लागि पा:काय् अ:पु मजू । उपासक उपासिकापिसं दानया महत्व सीकाका:पगु कारण कथिन दान याइपिं दातापिं यक्को दु । उकें जिमिसं कथिन दान याय्त निदं न्ह्यो हे निर्मलत्राणी गुरुमां (विणा गुरुमां) नाप खँ ल्हानागु व नां च्वकागु खः । नां च्वकुसां निसें थुगु ज्या याय् खनीला मखनीला धका: यक्को हे पीर जुयाच्वंगु । छाप धा:सा निदं न्ह्यो काठमाडौं उपत्यकाय् कोरोना रोग न्यनावनाच्वंगु । थुगु दँयूनं देंगो रोग दु:ख बियाच्वन । तर भिंगु ज्या याय् धका: ग्वसा: गयाथें थुगु पुण्य शक्ति कथिन दाता तताक्येहँ पुचः दुज:पिं सकलें म्हं फया: कथिन दान उत्सवय् भाग कया: बाँलाक व न्ह्यइपुक हे थुगु उत्सव क्वचाल ।

कथिन चीवर दान विशेष महत्वपूर्ण व उत्तमगु दान खः । थुगु दान भ्रीगु मनय् वय्साथ याय् धका: याय्ज्यूगु दान नं मखु । गुरु पुन्हि निसें कतिं पुन्हिं (स्वलातक) वर्षावास नियमपूर्वक पूवंक गुगु विहारे भन्ते वर्षावास च्वनाबिज्या:गु खः उगु विहारय् कतिं पुन्हि निसें सकिमना पुन्हि (लच्छिया दुने) छको जक थुगु कथिन चीवर भिक्षु संघयात दान याय् ज्यू । वर्षावास च्वनाबिज्याइपिं भन्तेपिं वर्षावास च्वनाबिज्या:गु विहारय् शील, समाधि व प्रज्ञाया अभ्यास याना: च्वना बिज्याइ । वसपोलपिसं उपासकोपासिकापिन्त धर्मोपदेश याना: विनय नियमानुसार जीवनयापन यानाबिज्याई । कथिन दान सुं छम्ह विशेष भन्तेयात दान बीगु मखु भिक्षुसंघयात बीगु

दान खः । अष्टपरिष्कार दान, संघदान, भोजन दान आदि भ्री मनय् इच्छा वलकि प्रबन्ध मिलेयानाः वर्षया न्ह्याको दान याःसांज्यू । तर कथिन दान दच्छिया छको जक स्वला (आषाढ पुन्हिनिसें कतिंपुन्हितक) नियमपूर्वक वर्षावास च्वनाबिज्याःपिं भन्तेपिं दुगु विहायर् कतिं पुन्हि निसें सकिमना पुन्हिया भित्रय् दान बी ज्यू ।


कथिन दातापिं वर्षावास च्वना बिज्याःम्ह भन्तेयात वर्षावास अवधि (स्वला) तक इलय् बिलय् यथाश्रद्धा विहारयात आवश्यक चीज निसें कयाः भोजनदान नं बीगु चलन दु । उगु विहारय् वर्षावास च्वनाबिज्याःम्ह भन्ते छुं कारणबस वर्षावास पूवंके मफत धाःसा अन कथिन चीवर दान ज्वीमुख । थुकथं नियमपूर्वक पालेयाय्माःगु थुगु दानयात महान कथिन चीवर दान धाई ।

जिपिं तताक्यहें पुचःपाखे इच्छा यानागु कथिन चीवर दान उत्सबया निमन्त्रणा स्वीकार यानाः बिज्याःपिं भन्ते गुरुमांपिं सकल प्रति जिपिं कृतज्ञ जुयाच्वना । रत्न विपश्यना विहारय् वर्षावास पूवंक च्वनाबिज्याःम्ह कम्मट्ठानाचार्य सयादो उ सुजनपिय भन्ते लगायत भिक्षु महासंघ व प्रव्रजित गुरुमांपिनि प्रति नं कृतज्ञ जुयाच्वना ।

वर्षावास शुरु निसें हरेक ज्याय् गुहाली यानाः सरसल्लाह बियाबिज्याःम्ह गुरुमां निर्मलञाणी (वीणा गुरुमां) प्रति जिपिं तताक्येंहें पुचःपिं कृतज्ञ जुयाच्वना । उलिजक मखु कथिन दान उत्सबय् जलपान भोजन तयार यानादीपिं दाजुकिजा तताक्येहेंपिं, पालया व्यवस्था यानाः मामाःगु फुक्कं प्रबन्ध याय्गुली गुहाली यानादीपिं गुहालीमिपिं सकसितं यक्को साधुवाद न धन्यवाद बियाच्वना । साधु ! साधु !! साधु !!!

भवतु सब्ब मंगलम् ।

# Compassion



✍ **Lekh Ratna Shakya**

*Feel strong and well*
*It helps you to delete*
*Your frailties or weakness*
*Feeling weak is nothing*
*It is a misfortune, troubles and sicknesses*
*Power is strength of understanding*
*The wisdom needs to do act*
*Showing gentleness is must,*
*Concern matters for kindness*
*Insight ability is enlightenment*
*A real hallmark as the sign*
*And the real gift of human kind*
*Flowers and stars in the soil and sky*
*Blossoms like the Lotus*
*Twinkles day and nights like the Buddha*
*When somebody ask you,*
*What is your favorite thing ?*
*I rejoice and say my wisdom*
*This what I really learnt,*
*From the lord Buddha*
*I found by the Buddha's teaching.*

*Source– Lumbini An Eternal Heaven*

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥**
**यही नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
**बिश्व मोटर ट्रेडर्स**
ख–२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं.: ०१–४२३८१४७
९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com
टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# अभिधम्म पुस्तक

## डा. रीना तुलाधरद्वारा लेखन तथा सम्पादित दुई पुस्तकहरू

## (१) अभिधम्म (धम्मवती गुरुमांया धम्मदेशनाया पुस्तकारुढ)

## (२) अभिधम्म (धम्मवती गुरुमांको धम्मदेशनामा आधारित) विमोचन

*वि.सं. २०७९ आश्विन १५ गते, शनिवार*

*प्रस्तुती- लोचनतारा तुलाधर*

यसदिन श्रद्धेय धम्मवती गुरुमांको ८९ औं जन्मोत्सवको उपलक्ष्यमा पूज्य धम्मवती गुरुमांबाट वि.सं. २०५५ सालमा देशना भएको अभिधर्म डा. रीना तुलाधरबाट लेखन तथा सम्पादन भएको पुस्तकको रूपमा रूपान्तरीत नेपालभाषा र नेपालीका दुईवटा पुस्तकहरू

(१) अभिधम्म (धम्मवती गुरुमांया धम्मदेशनाया पुस्तकारूढ)

(२) अभिधम्म (धम्मवती गुरुमांको धम्मदेशनामा आधारित) विमोचन भयो ।

श्रद्धेय धम्मवती गुरुमांको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा श्रद्धेय धर्मगुप्त महास्थविर, निग्रोध महास्थविर, पञ्ञासार महास्थविर, विमलञाणी गुरुमांले आशन ग्रहण गर्नुभयो भने ञाणवुध स्थविर अग्गञाणी गुरुमां, बुद्धपाली गुरुमां, धम्मविजया गुरुमां, कुसुम गुरुमां सहित गुरुमांहरूको उपस्थिति थियो ।

धर्मकीर्ति विहार संरक्षण कोषको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा कोषकी सचिव प्रफुल्ल कमल ताम्राकारबाट स्वागत भाषण गर्नुभयो । स्वागत भाषणको सिलसिलामा वहाँले डा. रीना तुलाधरको बहुआयामिक व्यक्तित्वको पनि प्रकाश पार्नुभयो । श्रद्धेय धम्मवती गुरुमांबाट दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा वि.सं. २०५५ सालमा धम्मवती गुरुमांले देशना गर्नुभएको भिडियो क्लिक प्रदर्शन गरिएको थियो ।

त्यसपछि 'अभिधम्म' पुस्तक श्रद्धेय धम्म्वती गुरुमांबाट विमोचन भयो । ८०० पृष्ठ भन्दा बढी भएको नेपाल भाषा र नेपालीका दुई पुस्तकहरू विमोचन पश्चात् श्रद्धेय धम्मवती गुरुमांले ओवाद र आशीर्वचन दिनुभयो । गुरुमांले टि.भि., मोवाइल नभएको जमाना देखि आफूहरूले धम्मदेशना गरीरहेको घटना सम्भँदै अहिले विभिन्न साधनबाट धर्म देशना सुन्ने अवसर भएको र अहिले नयाँ पुस्ताका भन्ते, गुरुमां, उपासक-उपासिकाहरूले शासनिक योगदान गर्नु भएकोमा खुशी लागेको कुरा व्यक्त गर्नुभई अभिधर्म विषय हरेकले जान्नु नै पर्ने भन्नुभयो । र डा. रीना तुलाधरले यति ठूलो पृष्ठको पुस्तक लेख्नु भएकोमा धन्यवाद दिनुभयो ।

डा. रीना तुलाधरद्वारा लेखन र सम्पादन भएको पुस्तक 'अभिधम्म' को समीक्षा गर्ने क्रममा बौद्ध विद्वान् मदनरत्न मानन्धरले २०५५ सालमा श्रद्धेय धम्मवती गुरुमांले देशना गर्नुभएको अभिधर्म व्याख्या डा. रीना तुलाधरले एक अक्षर पनि नछुटाई लेखन र सम्पादन गरेको कुरा उल्लेख गर्नुभयो । उहाँले कुल ८१० पृष्ठको पुस्तक समीक्षा गर्ने सजिलो नभएको, भन्नुहुँदै अभिधर्म भनेको जीवन जिउने शिक्षा मर्न सिकाउने शिक्षा र आफ्नो मन (चित्त) ठाउँमा राख्न सिकाउने शिक्षा हो भन्नुभयो । नेपाल भाषाको पुस्तकारूढ पुस्तकलाई डा. रीनाले नेपाली भाषामा पनि अनुवाद गरी धेरैलाई बुझ्न सजिलो पारिएको भन्नुभयो ।

प्रमुख वक्ता श्रद्धेय धर्मगुप्त भन्तेले यस प्रकारको पुस्तक प्रकाशन हुनु अति प्रशंसनीय कार्य हो भनी यो नौवटा कण्डको "अभिधर्म पिटक" को गाइड बुक "अभिधम्मत्थ संगहो" बाट आएको विषय जानकारीसँगै यसको ऐतिहासिकता प्रकाशन पार्नुभयो । अर्को प्रमुख वक्ता श्रद्धेय विमलञाणी गुरुमांले अभिधर्म देशना सम्बन्धमा धम्मवती गुरुमां प्रति कृतज्ञता ज्ञापन गर्दै अभिधर्म अध्ययन गर्नुपर्ने विषयमा जोड दिंदै हाम्रो जीवनको प्रत्येक कृयाकलापनै अभिधर्म हो, अभिधर्म अरू कतै नभई आफू भित्र नै छ भन्ने कुरा उल्लेख गर्नुहुँदै नेपालमा बुद्धघोष भन्ते, ञाणपुण्णिक भन्ते, धर्मगुप्त भन्ते, पञ्ञासार भन्ते, धम्मवती गुरुमांले अभिधर्म देशना गर्दै आउनु भएको कुरा जानकारी गर्नुभयो ।

पुस्तक लेखक तथा सम्पादक डा. रीना तुलाधरले मन्तव्यको क्रममा अभिधर्म देशनाको पुस्तकारूढ गर्ने सोच कसरी आयो भन्ने कुरा क्रमिक रूपमा प्रकाश पार्नुभयो । धम्मवती गुरुमांको अभिधर्म प्रवचन भिडियो

सि.डी. सेट ३२ भागमा रहेको र उक्त भिडियो र गुरुमांद्वारा लिखित अभिधर्म पुस्तक वि.सं. २०७० सालमा विमोचन भयो र यसको आधारमा वि.सं. २०७१ सालमा १७ दिनसम्म कक्षा सञ्चालन भयो । र वि.सं. २०७१ सालमा लेखिका कै अगुवाइमा अध्ययन गोष्ठी कक्षामा भिडियो प्रदर्शनसँगै कक्षा सञ्चालन भएको कुरा पनि जानकारी दिनुभयो । आफूले कसरी यस लेखनमा समय दिएको कुरा जानकारी दिँदै उहाँले यस पुस्तक प्रकाशनले सबैलाई तथागतको सद्धर्म बोध गर्न मद्दत पुगुन् भन्ने कामना पनि गर्नुभयो ।

वि.सं. २०५५ सालमा श्रद्धेय धम्मवती गुरुमांले महिना दिनसम्म देशना गर्नुभएको प्रवचन भिडियो रिकर्डिङ गर्नुहुने उपासक सिद्धार्थमान तुलाधरले २४ वर्ष अघि गरेको रिकर्डिङले धेरैलाई लाभ भएको तथा रिकर्डिङको DVD मा Convert देखि Youtube सम्मको प्रविधिको विकास पनि प्रकाश पार्नुभई त्यही Recording सुनेर साढे ६ वर्षको लामो समय दिएर गुरुमांको शब्द अक्षरस लेख्नु भएकोमा डा. रीना तुलाधरलाई धन्यवाद दिनुभयो ।

आशीर्वचनको क्रममा श्रद्धेय निग्रोध भन्तेले सारिपुत्र परम्पराको यस अभिधर्म यसरी पुस्तकारूढ भएकोमा डा. रीना तुलाधरलाई धन्यवाद दिनुभयो । श्रद्धेय पञ्ञासार भन्तेले अभिधर्मको महत्व दर्शाइ डा. रीना तुलाधरको यस्तो शासनिक कार्य अघि बढोस् भन्ने शुभकामना दिनुभयो । वहाँले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा महिनाको एक चोटी अभिधर्म कक्षा र नियमित रूपमा सतिपट्ठान कक्षा पनि क्रमिक रूपमा देशना गर्दै आउनु भएको छ भने चम्पावती स्मृति धम्म ग्रुपमा पनि अभिधर्म क्रमिक रूपमा देशना गर्दै आउनु भएको Record Youtube मा पनि प्रकाशित भइसकेको कुरा जानकारी दिनुभयो ।

अरूणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको सचिव लोचनतारा तुलाधरले धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा लुम्बिनी बौद्ध विश्व विद्यालय तथा त्रिभुवन विश्व विद्यालयका बौद्ध विभागका विद्वान्, प्रोफेसरहरू, विभिन्न बौद्ध संस्थाका बौद्ध विद्वान्हरू, प्रबुद्ध साहित्यकारहरू, बुद्धिजीविहरूको बाक्लो उपस्थिति थियो ।

✿

# वातावरण बचाऔं



✍ **विद्याकुमारी बज्राचार्य**

भगवान् बुद्ध बृक्षमुनि जन्म हुनु भयो ।
भगवान् अरहन्त रुखमुनि ध्यान बस्नुभयो ॥

भगवान् सुगत बृक्षमुनि बसी उपदेश दिनुभयो ।
भगवान् तथागत रुखमुनि महा परिनिर्वाण भयो ॥

भगवान् शास्ताले वातावरणलाई बुद्ध शिक्षामा स्थान दिनुभयो ।
भगवान् सम्मासम्बुद्धले स्वच्छ वातावरणलाई महत्व दिनुभयो ॥

रुखलाई बचाऔं, बुद्ध ज्ञान पालन गरी निरोगी बनौं ।
टोल टोलमा दुर्गन्धीत फोहरहरूलाई राजनीति नगरौं ॥

हरियो रुख काटी नासी कोरोना जस्तो रोग नबोलाऔं ।
टोल टोलमा ठाउँठाउँमा बृक्षारोपण गरी हराभरा बनाऔं ।

अक्सिजनको अभिवृद्धि गरी फोक्सो र मुटुरोग नल्याऔं ।
नेपाल राष्ट्रको नेपाली भई सच्चा नागरिक भई अग्रसर रहौं ।

राष्ट्रियता जोगाऔं, आफ्नो आत्मनिर्भरतामा अगाडि बढौं ।
वातावरण बचाऔं, देश जोगाऔं नेपाली सबैलाई बचाऔं ॥

हिमालय तराई पहाडको भावभक्ति श्रद्धा प्रदान गरौं ।
आयातमात्र नगरौं निर्यात गर्ने बानी बसालौं ॥

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग प्राप्त

**१) दाता– शुभवती गुरुमां**
धर्मकीर्ति विहार
चन्दा रकम रु. ५,०००/–

**२) दाता– मंगल कृष्ण महर्जन**
झम्सिखेल, ललितपुर
चन्दा रकम रु. १००५/–

**३) दाता– नेपाल वायुसेवा निगम**
पूर्व कर्मचारी पासा पुचः
चन्दा रकम रु. ६२०/–

# यशोधरा भिक्षुणी विहार, देवदह

– वीर्यवती गुरुमां

धर्मकीर्ति विहारया प्रमुख भिक्षुणी धम्मवती गुरुमांनं रुपन्देही जिल्लाया लुम्बिनी गौतमी भिक्षुणी विहार स्थापना याना बिज्यात । उगु विहारया धम्म हलय् शाक्यमुनी बुद्धयात लुम्बिनी बनस जन्म बिया बिज्यानाच्वंम्ह महामायादेवी व जन्म जुयाः न्ह्यपलाः छिना बिज्यानाच्वंम्ह सिद्धार्थ कुमारया प्रतिमा नं स्थापना याना बिज्यात । उगुहे हलय् महामाया देवीया लिक्कसं महाप्रजापति गौतमी (महामाया देवीया क्येहैं, सुद्धोदन महाराजाया कान्छीम्ह महारानी) या प्रतिमा नं स्थापना याना बिज्यात । उलिजक मखु उगु हलय् महाप्रजापति गौतमी भिक्षुणी प्रव्रज्या जुयाबिज्याय् धुंकूगु अवस्थाया भिक्षुणी महाप्रजापती गौतमीया प्रतिमा नं स्थापना याना बिज्यात । अथे जूगु कारणं थुगु विहारया नां हे गौतमी भिक्षुणी विहार धकाः नामाकरण जूगू जुल ।

रूपन्दही जिल्लास्थित देवदह महामाया देवी, महाप्रजापति गौतमी लगायत यशोधराया थःछ्यैं व शाक्यमुनी बुद्ध (सिद्धार्थ कुमार) या पाजु खलः जूगु कारणं अन्तर्राष्ट्रिय भिक्षुणी संघ पाखें उगु पवित्र भूमी नं विहार निर्माण याय्गु उचित जूगु कारणं अन यशोधरा विहार निर्माण याय्गु तातुनाः थुगु विहार निर्माण कार्य सञ्चालन जुयाच्वंगु दु ।

बुद्ध शासनय् भिक्षुणी प्रव्रजित जुया बिज्याःपिं प्रजापति गौतमी (महाराज शुद्धोदनया महारानी) या नामं लुम्बिनी विहार स्थापना ज्वीहे धुंकल । अथे जूगुलिं उगुहे राजकूलया भौमचा जुयाबिज्याःम्ह यशोधरा देवी नं भिक्षुणी प्रव्रजित जुया बिज्याःगु कारणं वसपोलया नामं नं विहार दय्क्यगु भ्रीगु कर्त्तव्य जूगु जुल । अथे जूगुलिं देवदहलय् यशोधरा भिक्षुणी विहार निर्माण जुयाच्वंगु जुल ।

थुगु भूमी भिक्षुणी यशोधराया प्रतिमा नं स्थापना याय् धुंकूगु दु । आः थुगु विहार निर्माणार्थ रु. १० हजार व वस्वयाः अपो चन्दा बियाः पुण्य सञ्चय यानाबिज्याःपिं दातापिनि नां धलः थन उल्लेख जुयाच्वंगु दु ।

स्मरणिय जू रु. १० हजार व वस्वयाः अपो चन्दा बिया बिज्याःपिं दातापिनि नां शिलापत्रय् कुँडय् यानाः उगु विहारय् स्थापना ज्वीगु दु ।

**अन्तर्राष्ट्रिय भिक्षुणी संघ पाखें देवदहलय् दय्कूगु यशोधरा विहारयात धर्मकीर्ति विहारपाखें उठेजूगु चन्दा भिंद्दःव व वस्वयाः अपो चन्दा ब्यूपिं दातापिनि नां धलः**

**शिलापत्र नं. १**

| क्र. सं. | नां, थर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | द्रब्यमान सिंह तुलाधर, सपरिवार | नक्साल, काठमाडौं | १०,००,०००/- |
| २ | ताराकेशरी राजभण्डारी | लालदरबार, काठमाडौं | १०,००५/- |
| ३ | कृष्णदेवी मानन्धर | ठँहिटी, काठमाडौं | १०,००५/- |
| ४ | देब रत्न मानन्धर, सपरिवार | पकनाजोल, काठमाडौं | १०,१११/- |
| ५ | केशरीलक्ष्मी ताम्राकार | महाबौद्ध, काठमाडौं | १०,१०५/- |
| ६ | अंगुर ताम्राकार | ठँहिटी, काठमाडौं | १०,१००/- |
| ७ | लक्ष्मी महर्जन, सपरिवार | कलंकी, काठमाडौं | १०,०१०/- |
| ८ | चन्द्रमाया मानन्धर | वटु, काठमाडौं | १०,०१५/- |
| ९ | रामकुमारी मानन्धर | बालाजु, काठमाडौं | १०,१०५/- |
| १० | सीता महर्जन | लाजिम्पाट, काठमाडौं | १०,०१०/- |
| ११ | लक्ष्मीदेवी मानन्धर | भ्रोछ्यें, काठमाडौं | १०,०१५/- |
| १२ | सुमना महर्जन | कालधारा, काठमाडौं | १०,००५/- |
| १३ | सुदर्शना मानन्धर, सपरिवार | न्यूरोड, काठमाडौं | १०,१०५/- |
| १४ | कान्छा महर्जन, सपरिवार | मरुढोका, काठमाडौं | १०,१०५/- |
| १५ | बाबुकाजी शाक्य | वकुबहाल, ललितपुर | १०,०००/- |

| | | | |
|---|---|---|---|
| १६ | संघवती गुरुमां | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | १०,००५/- |
| १७ | दानवती गुरुमां | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | १०,००५/- |
| १८ | डा. चन्द्रेशरत्न तुलाधर | तीनधारा पाठशाला, काठमाडौं | ३६,०००/- |
| १९ | चमेली गुरुमां | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | १०,००५/- |
| २० | सुवण्णवती गुरुमां | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | १०,००५/- |
| २१ | एलिस्का ताम्राकार | टंगल, ललितपुर | १२,०००/- |
| २२ | शकुन्तला प्रधान | कीर्तिपुर | २०,०००/- |
| २३ | बिजु वज्राचार्य | क्षेत्रपाटी, काठमाडौं | १०,२००/- |
| २४ | नाती महर्जन, सपरिवार | कुसुम बियालाक्षी, काठमाडौं | १०,५००/- |
| २५ | लक्ष्मी महर्जन | डल्लु, काठमाडौं | १०,०१०/- |
| २६ | पञ्चमाया डंगोल | बहःति, काठमाडौं | १०,०१०/- |
| २७ | संघ, मायादेवी मानन्धर | ढोका बहाल, काठमाडौं | १०,५५५/- |
| २८ | मुनीरत्न डंगोल, सपरिवार | खुसिबुँ, काठमाडौं | १०,००५/- |
| २९ | श्रद्धाचारी गुरुमां | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | १०,०००/- |

**शिलापत्र नं. २**

| | | | |
|---|---|---|---|
| ३० | स्व. बाः हर्षमान व स्व. मां हेराथकुं शाक्यया नामं (शासनधज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित, भाषा थुवाः) म्ह्याय् भिक्षुणी धम्मवती | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | १,००,०००/- |
| ३१ | धर्मकीर्ति पुलां पुचः | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | ३०,०५५/- |
| ३२ | प्रेमशोभा कंसाकार | चःमति, काठमाडौं | १०,१००/- |
| ३३ | Thida Tiwari | Myanmar, Yangon | १०,०००/- |
| ३४ | तारादेवी श्रेष्ठ, सपरिवार | त्रिपुरेश्वर, काठमाडौं | १०,०००/- |
| ३५ | ज्ञानी महर्जन | मैतीदेवी, काठमाडौं | १०,०००/- |
| ३६ | त्यागवती गुरुमां | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | १०,००५/- |
| ३७ | नन्दकुमारी वज्राचार्य | चःमति, काठमाडौं | १०,०१०/- |
| ३८ | अनीता शाक्य | चःमति, काठमाडौं | १०,०१०/- |
| ३९ | अष्टरत्न शाक्य | असन, ताहाचल, काठमाडौं | १०,१००/- |
| ४० | बुद्धदेवी मानन्धर, सपरिवार | कालिमाटी, काठमाडौं | १०,५५५/- |
| ४१ | समुद्रदेवी ताम्राकार | ताहाचल, काठमाडौं | १०,०१०/- |

| | | | |
|---|---|---|---|
| ४२ | देवकाजी महर्जन, सपरिवार | भिमसेनस्थान, काठमाडौं | ११,१११/- |
| ४३ | स्व. धनबहादुर मानन्धर | लगनखेल, ललितपुर | १०,००५/- |
| ४४ | तारादेवी मानन्धर | लगनखेल, ललितपुर | १०,००५/- |
| ४५ | कीर्तिमैंया सिंह, सपरिवार | खुसिबुँ, काठमाडौं | १०,०१५/- |
| ४६ | कीर्तिमैंया पुचः, धर्मकीर्ति | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | १०,००५/- |
| ४७ | नानी महर्जन | जोगिंपाको, काठमाडौं | १०,०००/- |
| ४८ | तीर्थमाया मानन्धर, मदुपिनिगु पुण्यस्मृतिसं | मरु ढोका, काठमाडौं | १०,५००/- |
| ४९ | शान्ति शाक्य मानन्धर | नरदेवी, काठमाडौं | १०,०२०/- |
| ५० | हेरादेवी तण्डुकार | पकनाजोल, काठमाडौं | १०,०२५/- |
| ५१ | रोहिणी मास्के | खुसिबुँ, नयाँबजार, काठमाडौं | ११,०००/- |
| ५२ | कमला वज्राचार्य | बसन्तपुर, काठमाडौं | १०,०५१/- |
| ५३ | महेशमान श्रेष्ठ, सपरिवार | क्षेत्रपाटी, काठमाडौं | १५,१००/- |
| ५४ | विष्णुदेवी ताम्राकार | मरु, काठमाडौ | १२,१०१/- |
| ५५ | द्वारिकानारायण मानन्धर, सपरिवार | क्षेत्रपाटी, काठमाडौं | १०,०५०/- |
| ५६ | नानीछोरी शाक्य | जनबहाल, काठमाडौं | १५,००५/- |
| ५७ | लक्ष्मीहेरा शाक्य | लाजिम्पाट, काठमाडौं | १०,५५५/- |

**शिलापत्र नं. ३**

| | | | |
|---|---|---|---|
| ५८ | लक्ष्मीसुन्दरी शाक्य, सपरिवार | श्रीघः, काठमाडौं | ११,५५५/- |
| ५९ | लक्ष्मीकेशरी शाक्य | लगन, काठमाडौं | १०,५५५/- |
| ६० | लक्ष्मी श्रेष्ठ | नक्साल, काठमाडौं | १०,१००/- |
| ६१ | समता शाक्य | इतुम्बहाल, काठमाडौं | ५०,०००/- |
| ६२ | अष्टमाया महर्जन | टँलाक्षी, काठमाडौं | १०,०५०/- |
| ६३ | सन्तुमाया महर्जन (मदुपिनि पुण्यस्मृतिस) | त्यौड, काठमाडौं | १०,०००/- |
| ६४ | मोतिलाल शिल्पकार | लोकेश्वर टोल, ललितपुर | १,०१,०००/- |
| ६५ | लक्ष्मीनानी, न्यत पुचः | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | १०,१०५/- |
| ६६ | सानुकुमारी मानन्धर | न्हूसाः, काठमाडौं | १०,१०५/- |
| ६७ | दि. बद्रीनारायण मानन्धर, सपरिवार | पकनाजोल, काठमाडौं | १०,१०५/- |
| ६८ | दि. ललितादेवी मानन्धर | भिमसेन स्थान, काठमाडौं | १०,१०५/- |
| ६९ | दि. सविन मानन्धर | वटु, काठमाडौं | १०,१५५/- |
| ७० | दि. चैत्यनारायण मानन्धर, सपरिवार | पकनाजोल, काठमाडौं | १०,१०५/- |
| ७१ | प्रकाश तुलाधर, सपरिवार | लाजिम्पाट, काठमाडौं | १०,१००/- |

| | | | |
|---|---|---|---|
| ७२ | पद्मवीर सिं कंसाकार, सपरिवार | लाजिम्पाट, काठमाडौं | १०,११०/- |
| ७३ | सुदर्शन, अनीता तुलाधर | मेरील्याण्ड, अमेरिका | ११,०११/- |
| ७४ | विमला श्रेष्ठ | बालाजु, काठमाडौं | १०,११०/- |
| ७५ | रत्नकाजी तुलाधर, सपरिवार | असन, काठमाडौं | १०,५००/- |
| ७६ | बाबा मैंया डंगोल | ठमेल, काठमाडौं | ११,०००/- |
| ७७ | तारा तुलाधर | क्षेत्रपाटी, काठमाडौं | १०,१००/- |
| ७८ | दानमाया महर्जन | बनस्थली, काठमाडौं | १०,०७६/- |
| ७९ | रामेश्वरी महर्जन | बनस्थली, काठमाडौं | १०,०५०/- |
| ८० | चन्द्रदेवी महर्जन (मदुपिनिगु पुण्यस्मृतिस) | भिमसेनस्थान, काठमाडौं | १०,००५/- |
| ८१ | पूर्णरत्न बज्राचार्य, सपरिवार | बालाजु, काठमाडौं | १०,००५/- |
| ८२ | चन्द्रबहादुर मानन्धर, सपरिवार | चसान, काठमाडौं | ५१,०००/- |
| ८३ | मैंया मानन्धर सपरिवार (मदुपिनिगु पुण्यस्मृतिस) | ठमेल, काठमाडौं | १५,०००/- |
| ८४ | मोतीशोभा तुलाधर | असन, काठमाडौं | १५,०००/- |
| ८५ | छोरी मैंया मुनिकार | इनबहाल, काठमाडौं | १०,०००/- |
| ८६ | अशोकरत्न वज्राचार्य, सपरिवार | ढल्को, काठमाडौं | १,०११,००/- |

**शिलापत्र नं. ४**

| | | | |
|---|---|---|---|
| ८७ | रत्नदेवी तुलाधर | खुसिबुं, काठमाडौं | ५५,५५५/- |
| ८८ | गंगा मानन्धर | माछा पोखरी, काठमाडौं | ११,०००/- |
| ८९ | कमलतारा ताम्राकार | गण बहाल, काठमाडौं | १८,०००/- |
| ९० | तारादेवी मानन्धर, सपरिवार (मदुपिनिगु पुण्य स्मृतिस) | भोटेबहाल, काठमाडौं | २५,५५५/- |
| ९१ | लक्ष्मीकेशरी शाक्य (मदुपिनिगु पुण्य स्मृति) | भोटेबहाल, काठमाडौं | १०,०५०/- |
| ९२ | जगतलक्ष्मी ताम्राकार, सपरिवार | ठँहिटी, काठमाडौं | २५,०००/- |
| ९३ | आशापति ताम्राकार, सपरिवार | दरवारमार्ग, काठमाडौं | १०,१०५/- |
| ९४ | माणिकरत्न शाक्य | ढल्को, काठमाडौं | १०,५५५/- |
| ९५ | कृष्णदेवी मानन्धर, सपरिवार | न्यूरोड, काठमाडौं | १०,५००/- |
| ९६ | दानदेवी मानन्धर, सपरिवार | फसिक्यब, न्यूरोड, काठमाडौं | १०,५००/- |
| ९७ | गणेशकुमारी मानन्धर, सपरिवार | मरु, काठमाडौं | १०,५००/- |
| ९८ | लक्ष्मीशोभा शाक्य | बौद्ध, काठमाडौं | १०,१००/- |
| ९९ | बुद्धलक्ष्मी शाक्य | नःटोल, ललितपुर | २५,०००/- |

| | | | |
|---|---|---|---|
| १०० | रत्नदेवी शाक्य | हरीहरभवन ल.पु. | २५,०००/- |
| १०१ | सूर्यमाया शाक्य | लगनखेल, ल.पु. | २५,००५/- |
| १०२ | हीरादेवी तुलाधर | ताहाचल, काठमाडौं | १०,०००/- |
| १०३ | नानीबेटी महर्जन | दमाईं टोल, काठमाडौं | ११,१५१/- |
| १०४ | न्हुच्छेमाया महर्जन | बहःति, काठमाडौं | १०,५००/- |
| १०५ | चम्पा महर्जन (मदुपिनिगु पुण्यस्मृतिस) | त्यौड, काठमाडौं | १०,५००/- |
| १०६ | चिनीमाया वज्राचार्य | सामाखुशी, काठमाडौं | १५,०००/- |
| १०७ | माया मानन्धर (दि. मां, बाःया पुण्यस्मृतिस) | चसान, काठमाडौं | २०,०००/- |
| १०८ | कीर्ति बहादुर शाक्य | लगन, काठमाडौं | १०,०००/- |
| १०९ | पद्मकुमारी वज्राचार्य, सपरिवार (मदुपिनिगु पुण्यस्मृति) | बबरमहल, काठमाडौं | १०,०००/- |
| ११० | वीर्यवती गुरुमां | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | ११,१११/- |
| १११ | जवनवती गुरुमां | धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं | १०,०००/- |
| ११२ | श्रीधर मानन्धर, सपरिवार | धरहरा, काठमाडौं | १०,०००/- |
| ११३ | कमलरत्न तुलाधर, सपरिवार | जमल, काठमाडौं | २०,०००/- |
| ११४ | रूपशोभा शाक्य, सपरिवार | सामाखुशी, काठमाडौं | १०,००५/- |
| ११५ | स्वयम्भूरत्न शाक्य | नकबहिल, ललितपुर | १०,५००/- |

## आवरण चित्र परिचयको बाँकी अंश ... ...

तब ऋषिले उनका भान्जा नालकलाई सम्भनुभयो । भान्जा पनि प्रौढ भइसकेका थिए । कालदेवल ऋषिले नालकलाई तत्कालै घरवार त्याग गरी श्रमण हुन जानु र ध्यान भावनामा लाग्नु, जसले गर्दा यस बालक सिद्धार्थ कुमार सम्यक सम्बुद्ध हुने समयसम्ममा उहाँले दिनुहुने शिक्षा सिक्न सक्षम हुनेछ । फलस्वरुप जन्म मरणको भव संसारबाट सधैंको लागि मुक्त हुने भाग्य प्राप्त हुनेछ भनी सल्लाह दिनुभयो ।

आफ्ना मामाको सन्देश प्राप्त हुने बित्तिकै नालकले आफ्नो परिवार र घरबार त्याग गरी श्रमण भए । पैतिस वर्ष पछि भगवान् बुद्धले जब ऋषिपतन मृगदावनमा धर्मचक्र प्रवर्तनको उपदेश दिनुभयो, आफ्ना पाँचजना साथीहरूलाई भव बन्धनबाट मुक्त हुने मार्ग दर्शन गर्नुभयो, तब बृद्ध भइसकेका नालक (कालदेवल ऋषिका भान्जा) पनि उनीहरू समक्ष आइपुगे । भगवान् बुद्ध समक्ष विपश्यना विद्या सिकेर उनी हिमालय तर्फ गई ध्यान भावना गर्न थाले । अल्पकालमा नै उनी अरहन्त भए र परिनिर्वाण पनि भए । यसरी ऋषि कालदेवलको सुझाव नालकलाई लाभदायक भयो ।

यी घटनारूबाट स्पष्ट हुन्छ कि, कालदेवल अर्थात् असित देवल, प्रसिद्ध ब्राह्मण ऋषि भएर पनि उनीमा श्रमण संस्कृतिको गहिरो प्रभाव थियो ।

*(आसित देवल ब्राह्मण समाजमा पनि त्यति नै पूज्य थिए । श्रीमद्भागवद्गीता (१०.१३) ले उनलाई देवर्षि नारद र ब्यासको समकक्ष भनिएको छ ।)* ✿



# अभिधर्म - २४

*२०७९ आश्विन १ गते, शनिवार*

*प्रवचक- श्रद्धेय भिक्षु पञ्ञासार महास्थविर*

*प्रस्तुति- उष्णीषतारा तुलाधर*

निरन्तररूपमा सञ्चालन भइरहेको अभिधर्मको कक्षामा आज श्रद्धेय पञ्ञासार भन्तेले अरूपावचर चित्तको बारेमा कक्षा लिनुभयो । यसका प्रमुख कुराहरू निम्न प्रकार छन् –

पञ्चस्कन्धलाई नाम धर्म र रूप धर्मगरी विभाजन गरिएको छ । नाम धर्म - वेदना, सञ्ञा, संस्कार, विज्ञान । रूप धर्म - २८ वटा रूप । अभिधर्म अनुसार ३१ वटा लोक छन् । अरूपलोक - ४, रूपलोक - १६, कामलोक - ११ । रूपलोक १६ वटामध्ये १५ वटामा पञ्चस्कन्ध (नाम र रूप) हुन्छ । रूप मात्र भएको एउटा असञ्ञसत्त रूपलोक हो जसले सञ्ञा लिंदैन । रूपावचर ब्रह्मलोकमा जन्मनेहरूको पञ्चस्कन्ध भएपनि नाम निस्क्रिय हुन्छ, रूप धर्म मात्र सक्रिय हुन्छ । अरूप ब्रह्मलोकमा निवास गर्नेहरूको चित्तलाई अरूपावचर चित्त भनिन्छ । यस भूमिमा जन्मनेहरूको रूप निस्क्रिय हुन्छ र चित्त परम्परा मात्र निरन्तर प्रवाह हुन्छ । अरूपावचरमा बस्नेहरूको पञ्चस्कन्धमध्ये वेदना, सञ्ञा, संस्कार र विज्ञान मात्र हुन्छ । त्यसकारण यी सत्वहरूलाई चतुवोकार सत्व भनिन्छ । असञ्ञसत्त सत्वमा रूपको मात्र अस्तित्व हुन्छ, त्यसकारण एकवोकार सत्व भनिन्छ । कामभूमिमा उत्पन्न हुने सत्वहरू पञ्चस्कन्धले युक्त हुन्छ त्यसकारण पंचवोकार सत्व भनिन्छ ।

अरूप ब्रह्मलोकमा उत्पन्न हुने सत्वप्राणीहरूमा प्रायः उत्पन्न हुने चित्तलाई अरूपावचर चित्त भनिन्छ । त्यस्तैगरी कामलोकमा प्रायः काम चित्त नै उत्पन्न हुन्छ । अरूपावचर चित्त १२ वटा छन् । (१) कुशल चित्त - ४, (२) विपाक चित्त - ४, (३) क्रिया चित्त - ४ । (१) कुशल चित्त - वर्तमानमा आफुले संचय गरेको कुशल चित्त । वर्तमानमा ध्यान वृद्धि गर्दागर्दै यी चार वटा कुशल चित्त उत्पन्न हुन्छन् - १. आकासानञ्चायतन कुसल चित्त २. विञ्ञाणञ्चायतन कुसल चित्त ३. आकिञ्चञ्ञायतन कुसल चित्त ४. नेवसञ्ञानासञ्ञायतन कुसल चित्त । आकासानञ्चायतन ध्यान चित्तद्वारा मृत्यु भएमा ४ वटा ब्रह्मलोकमध्ये सबभन्दा पहिलो आकासानञ्चायतन अरूप ब्रह्मलोकमा जन्मन पुग्छन् । (२) विपाक चित्त - वर्तमानमा उत्पन्न भएको चित्त अनुसार भविष्यमा अर्थात् अर्को जन्ममा फल दिने चित्त । अर्को जन्ममा उत्पन्न हुने चित्त हो प्रतिसन्धि चित्त, यो विपाक चित्त हो । कर्मको हिसाबले गरुक कर्म (शक्तिशाली कर्म) र जनक कर्म (जन्म दिने कर्म) ले नयाँ जन्म दिन्छ । प्रतिसन्धि चित्त उत्पन्न भएदेखि मृत्यु नआएसम्म प्रवृत्ति विपाक चित्त/भवाङ्ग चित्तद्वारा निरन्तररूपले जीवन प्रवाह भइरहन्छ । प्रतिसन्धि चित्त - भवाङ्ग चित्त - चुति चित्त । यी तीन चित्तद्वारा चित्त परम्परा निरन्तररूपले अगाडि बढिरहेको हुन्छ । (३) क्रिया चित्त - वर्तमानमा उत्पन्न हुने चित्त, अर्हन्तहरूमा उत्पन्न हुने चित्त क्रिया चित्त हो ।

*२०७९ आश्विन १५ गते*

**विषय- अंगुत्तर निकाय (तिक निपात) १४५ औं कक्षा**

*प्रवचक- मदनरत्न मानन्धर*

*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन मदनरत्न मानन्धरले महावर्ग (१०५ सूत्र) अन्तर्गत भय सूत्रको विषयमा बताउनु भएको थियो ।

भगवान बुद्धले भन्नुभयो- भिक्षुहरू आमा र छोराको बिछोडको भय तीन प्रकारका हुन्छन् । ती हुन्–

(१) आगो लागि हुँदा खेरी गाउँ, निगम, नगरहरू सबै नै आगोले खाएर विनाश हुन्छ, त्यसवेला आमा र छोराको बिछोड हुन सक्छ ।

(२) धेरै पानी परेर, बाढी पहिरोले गर्दा गाउँहरू, निगमहरू बगाएर लग्न सक्छ ।

(३) जङ्गलमा बस्ने चोर, डाँकाहरूको भयले गर्दा पनि मानिसहरू डराएर भाग्छन् । त्यसबेलामा पनि आमा र छोराको बिछोड हुन सक्छ भनी अज्ञानी पृथकजनहरूले चर्चा गर्छन् । वास्तवमा त्यस्तो भयले गर्दा मिलन पनि हुन सक्छ ।

सबभन्दा ठूलो भय तीनवटा छन् । ती हुन् –

रोगी हुने भय, बुढा-बुढी हुने भय, मरण हुने भय ।

त्यो तीनवटा भयलाई कसैले पनि हटाउन सक्दैन । प्रकृतीको नियम अनुसार नै सबैलाई नै लागु हुन्छ ।

रोग हुने भय – रोगी हुने बेलामा पनि आमाले म रोगी हुन्छु, तिमी रोगी नहोस् भन्न सक्दैन । छोराले

पनि म रोगी हुन्छ, तिमी रोगी नहोस् भन्न सक्दैन ।

बुढा-बुढी हुने भय – छोरा बुढा हुने बेलामा आमाले म बुढी हुन्छु, तिमी बुढा नहोस् भन्न सक्दैन । त्यस्तै आमा बुढी हुने बेला पनि छोराले म बुढा हुन्छु, तिमी बुढी नहुनु भन्न सक्दैन ।

मरण हुने भय – छोरा मरण हुने बेलामा आमाले म मरण हुन्छु, तिमी नमर्नु भन्न सक्दैन, त्यस्तै आमा मरण हुने बेलामा पनि छोराले मेरो मरण हुन्छ, तिमी नमर्नु भन्न सक्दैन ।

ती तीनवटा भयलाई हटाउने मार्गहरू छन्, ती हुन् – आर्य अष्टांगिक मार्ग ८ वटा छन् ।

१) सम्यक दृष्टि २) समयक संकल्प ३) सम्यक वचन ४) सम्यक कर्मान्त ५) सम्यक जीविका ६) सम्यक व्यायाम ७) सम्यक स्मृति ८) सम्यक समाधि ।

ती आठवटा अष्टांगिक मार्गलाई व्यवहारमा उतार्न सकियो भने निर्वाण पुगिन्छ । त्यसपछि तीनै भयबाट मुक्त हुन्छ ।

## धर्मकीर्ति विहारमा अभिधर्म पाठ

*२०७९ कार्तिक १६ गते, बुधवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन धर्मकीर्ति विहारमा प्रव्रजित गुरुमांहरूबाट दिनभर अभिधर्म पाठ गरियो । उपासिका अमलादेवी स्थापित सपरिवारको आयोजनामा भिक्षुणी धम्मवती गुरुमांको निर्देशनमा सञ्चालित उक्त कार्यक्रममा अभिधर्मका सात ग्रन्थहरू युगल गुरुमांहरूबाट (संक्षिप्त रूपमा) पालैपालो पाठ गरिएको थियो ।

आयोजक परिवारबाट भोजन जलपानको प्रायोजन गरिएको उक्त कार्यक्रममा उहाँहरूको परिवारबाट गुरुमांहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

अन्त्यमा दिवंगत नाता कुटुम्वहरूको सुगति एवं निर्वाण हेतु प्राप्त होस् भन्ने कामनाका साथ पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो ।

अभिधर्म पाठ गर्नुभएका गुरुमांहरू र पाठ विवरण

| क्र. सं. | पाठ | पाठ गर्नुभएका गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणी | अमता, सुवण्णवती |
| २ | विभंग | श्रद्धावती, इन्दावती |
| ३ | धातुकथा | पञ्ञावती, जवनवती |
| ४ | युग्गल पञ्ञति | वीर्यवती, शुभवती |
| ५ | कथावत्थु | दानवती, त्यागवती |
| ६ | यमक | कुशलावती, कुशुमावती |
| ७ | पट्ठान | केशावती, खेमावती |

*अभिधर्म पाठ गर्नुभएका गुरुमांहरूको तस्विरहरू पछाडि कभर पेजमा राखिएको छ ।*

## धर्म आचरणमा उतार्नु ... ...

त्यसैले शरीर द्वारा दुष्कर्म गरे पनि वाणी द्वारा दुष्कर्म गरे पनि आफ्नो हानि त हुने नै भयो साथमा अरुको हानि पनि हुने भयो । यस दुष्कर्मबाट बच्न सक्यो भने आफ्नो पनि मंगल हुन्छ र अरुको पनि मंगल हुनेछ । धर्मको यी सीधा कुरा हाम्रो आचरणमा उतरनु पर्‍यो । धर्म केवल चर्चा गर्ने विषय मात्र हुनु भएन । धर्म, चर्चा - परिचर्चा मात्र गर्नको लागि होइन धारण गर्नको लागि हो । धर्म वाद - विवाद गर्ने विषय होइन धारण गर्नको लागि हो । धर्म तर्क - वितर्क गर्नको लागि होइन, धारण गर्नको लागि हो । धर्म झगडा गर्न, मारपिट गर्नको लागि होइन यदि धर्मको नाममा मारपीट, झगडा, हत्या हुन थाल्यो भने बुझ्नु कि धर्मको नाम - निशान रहेन सम्झनु कि धर्मको नाममा कतै अल्झियो, कतै भट्कियो । आफ्नो पनि हानी गरिनेछ र अन्यको पनि हानि गरिनेछ ।


जो कोहीले पनि राम्ररी बुझेको हुन्छ कि हत्या गर्नु हुँदैन, चोरी गर्नु हुँदैन, व्यभिचार गर्नु हुँदैन । वाणीको दुष्कर्म गर्नु हुँदैन । झूठो बोल्नु हुँदैन, निन्दा - चर्चा गर्नु हुँदैन, कटु वचन बोल्नु हुँदैन इत्यादि खूब राम्ररी थाहा हुन्छ । तर के गर्नु नशा सेवन गरिरहेकै हुन्छ, बेहोस् भईरहेकै हुन्छ । नशाको बसमा पर्‍यो नि ।

( क्रमशः अर्को अङ्कमा )

# श्रद्धेय वीर्यवती गुरुमां धर्मशीला विद्वत् वृत्ति २०७९ बाट सम्मानित



*मन्तव्य व्यक्त गर्नुहुँदै वीर्यवती गुरुमां*



*धर्मशीला गुरुमां*
*(धर्मशीला बुद्ध विहारका संस्थापिका)*

*२०७९ कार्तिक १८ गते, शुक्रवार*
*स्थान- धर्मशीला बुद्ध विहार, पोखरा*

श्रद्धेय वीर्यवती गुरुमांलाई धर्मशीला बुद्ध विहार पोखराका आवासिय भिक्षु श्रद्धेय धजवन्तो स्थविरबाट धर्मशीला विद्वत् वृत्ति २०७९ सम्मान-पत्र प्रदान गर्नुभई सम्मान गरिएको छ। बुद्ध धर्म अध्ययन अनुसन्धान र अन्वेषण कार्यलाई कदर गरी धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समिति धर्मशीला बुद्ध विहार पोखरा-३ नदीपुरको संयोजकत्वमा यस "धर्मशीला विद्वत् वृत्ति सम्मान-पत्र" प्रदान गरिँदै आएको कुरा बुझिएको छ।

वि.सं. २०५९ सालमा धर्मशीला बुद्ध विहार पोखराका संस्थापिका दिवंगत श्रद्धेय धर्मशीला गुरुमांको पुण्यस्मृतिमा श्रद्धेय कर्मशीला गुरुमांले स्थापना गर्नुभएको यस धर्मशीला विद्वत् वृत्ति सम्मान-पत्र प्रदान कार्य कोविद महामारीको कारणले गत २ वर्ष सम्म रोकिएको थियो।

श्रद्धेय भिक्षु धजवन्तो स्थविरको प्रमुख अतिथित्व एवं सभापतित्वमा संचालित यस कार्यक्रम श्रद्धेय वीर्यवती गुरुमांले दीप प्रज्वलन गरी उद्घाटन गर्नुभयो। यसरी नै श्रद्धेय भिक्षु धजवन्तोले शील प्रार्थना गराउनु भई बुद्धपूजा सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा सरीता गुभाजुले स्वागत मन्तव्य व्यक्त गर्नुभयो। सम्मानित हुनुहुने श्रद्धेय वीर्यवती गुरुमांले पनि आफ्नो मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रममा जेष्ठ नागरिकहरू ५ जनालाई पनि सम्मान गरियो भने २०७६ साल देखि २०७८ साल ३ वर्ष अवधि भित्रमा एस.ई.ई. परीक्षामा उत्तिर्ण हुन सफल विद्यार्थीहरूलाई सम्मान गरियो।



***कर्मशीला गुरुमां***
*(धर्मशीला विद्वत वृत्तिका संस्थापिका)*

सो पश्चात् बौद्ध उपासिका संघको ३४ औं वार्षिक साधारण सभा पनि सम्पन्न गरिएको थियो।

# स्वयम्भू महाचैत्यमा ८४००० फूल चढाइयो

*२०७९ कार्तिक*
*स्थान- स्वयम्भू*

यसदिन नमूना बुद्ध विहार परिवार एवं भिक्षु सारद्धको आयोजनाका स्वयम्भू महाचैत्यमा ८४००० फूल चढाई श्रद्धा व्यक्त गर्दै बुद्ध पूजा गर्ने कार्यक्रम सम्पन्न गरियो। हजारौं श्रद्धालु उपासकोपासिकाहरू लगायत भन्ते गुरुमांहरू पनि सहभागी भएको उक्त कार्यक्रममा बुद्ध शिक्षा सिक्ने र सिकाउने कार्यको पहिलो खुड्किलो चढ्ने मौका प्रदान गरिएको बुझियो।

## दिवंगत रत्न मञ्जरी गुरुमांको १६ औं पुण्यतिथि सम्पन्न



*दिवंगत रत्नमञ्जरी गुरुमां*



*पुण्यानुमोदन गर्नुहुँदै धम्मवती गुरुमां*

*२०७९ आश्विन २१ गते, शुक्रवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन वरिष्ठ विपश्यनाचार्य रत्नमञ्जरी गुरुमां दिवंगत हुनुभएको १६ औं पुण्यतिथिको उपलक्ष्यमा भिक्षुणी धम्मवती गुरुमां लगायत धर्मकीर्ति विहारका अन्य आवासिय गुरुमांहरूको समुहबाट सामूहिक महापरित्राण पाठ सम्पन्न गरियो । कार्यक्रममा धम्म्वती गुरुमां लगायत अन्य सबै गुरुमांहरूले दिवंगत रत्नमञ्जरी गुरुमांको पुण्य स्मृतिमा दान प्रदान गरी पुण्यानुमोदन गरिएको थियो ।

यसदिन धर्मकीर्ति पुलांपुचः र रत्न मञ्जरी गुरुमां स्मृति कोषबाट भोजन र जलपानको प्रायोजन गरिएको थियो ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**मदुम्ह उपासिका मदन शोभा कंसाकार**


<u>बुगु दिंः</u>
बि.सं. २००१ पौष १४
<u>मदुगु दिंः</u>
बि.सं. २०७९ आश्विन ८ गते, शनिवार

**"कर्णदेवी भोजन पुचः, धर्मकीर्ति विहार"** या दुजः उपासिका **मदन शोभा कंसाकार** संसारया अनित्य, दुःख व अनात्म स्वभावयात न्ह्यब्वसे दिवंगत जुयादिल ।

थुगु क्षणय् वय्कःया छ्यैंजःपिसं संसारया त्रिलक्षण स्वभावयात थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः मनं तुनाच्वना । उपासिका मदन शोभाया परलोक जीवन सुगतिमय जुयाः याकन हे निर्वाण हेतु चूलाय्मा धकाः आशिका यासे पुण्यानुमोदन याना ।

**कर्णदेवी भोजन पुचः**
**धर्मकीर्ति विहार, श्रीघः नःघः**

# माझखण्ड बुद्ध विहारमा कथिन चीवर दान



*वर्षावास पूरा गर्नु भएका श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविर समक्ष कथिन दाता प्रव्रजित गुरुमांहरू*




*धर्मदेशना गर्नुहुँदै श्रद्धेय भिक्षु कोण्डञ्य महास्थविर*

*२०७९ कार्तिक २१ गते, सोमवार*
*प्रस्तुती- शुभवती गुरुमां ।*

ललितपुर दक्षिण भेगमा अवस्थित ईकुडोल माझखण्ड बुद्ध विहारमा श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविरबाट दोस्रो पटक विनयानुसार वर्षावास सम्पन्न गर्नुभएको उपलक्ष्यमा भिक्षु महासघलाई कथिन चीवर दान गर्ने कार्य सम्पन्न भएको छ ।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु धम्मशोभन महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएपछि उक्त कार्यक्रममा भिक्षु बोधिज्ञान महास्थविरले बुद्ध पूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रम उपासिका श्रीजना स्याङ्तानले सञ्चालन गर्नुभएको थियो भने माझखण्ड बुद्ध विहारका अध्यक्ष चन्द्र बहादुर स्याङ्तानले स्वागत भाषण गर्नुभएको थियो । कार्यक्रममा श्रद्धेय भिक्षु कौण्डञ्य महास्थविरले धर्मदेशना गर्नुभएको थियो ।

बाग्मती गाउँ पालिकाका अध्यक्ष वीर बहादुर लोप्चनले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा बाग्मती गाउँ पालिका वडा नं. ५ का वडा अध्यक्ष नवराज तिमिल्सिनाको पनि उपस्थिति रहेको थियो ।


धम्मसोभन महास्थविरले कठिन वाक्य वाचन गराउनु भई दाताहरूबाट कथिन चिवर भिक्षु महासंघलाई दान गराइएको थियो ।

कार्यक्रममा उपस्थित हुनु भएका गाउँ पालिकाका अध्यक्ष, वडा अध्यक्षलाई विहारको तर्फबाट सम्झनाको चीनो प्रदान गरिएको थियो भने कथिन दाताहरू मध्ये अगुवाको रूपमा रहनु भएका श्रद्धेय धम्मवती गुरुमां प्रमुख सबै दाताहरूलाई साधुवाद पत्र प्रदान गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा अखिल नेपाल भिक्षु महासंघका सचिव श्रद्धेय भिक्षु निग्रोग महास्थविरले धन्यवाद ज्ञापन गरी पुण्यानुमोदन गर्नुभएको थियो ।

कथिन चीवर दान कार्यक्रमका दाताहरू यसरी हुनुहुन्छ– १) धम्मवती गुरुमां २) नन्दावती गुरुमां ३) करुणावती गुरुमां ४) ध्यानवती गुरुमां ५) सुनीता गुरुमां ६) वण्णवती गुरुमां ७) सुवण्णवती गुरुमां ८) Ms. Nguyen Tni Tnanh Dang and Family Vietnam.

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



बुन्हि :
बि.सं २०२० असार २५
गुरुपुन्हि

मदुगु न्हि :
बि.सं. २०७९ भदौ २८ गते
गातिलाः बसुन्धरा व्रत

# मदुम्ह मानकृष्ण वाः वाः

धम्मवती संकिपालय् पाजु जुयाः म्हितादीम्ह, लय् चिनामि धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनय् हार्मोनियम थाय्गु स्यनाः गुरू जुयादीम्ह, वाद्यवादक गुरू, कर्तव्य निस्थावान् जुयाः वय्कलं थःगु जीवनय् याःगु भिंगु कर्म परलोक जीवन सुगतिमय जुयाः निर्वाणया हेतु याकन हे चूलाय्मा धकाः आशिका यासे पुण्यानुमोदन याना ।

वयकःया छ्येँजःपिसं नं संसारया त्रिलक्षण स्वभावयात थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः आशिका याना ।

## प्रेमलक्ष्मी तुलाधर
*सचिव- धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः*

# धर्मकीर्ति विहार
**श्रीघः नःघः येँ**

# साधुवाद !

**मदुम्ह पूर्णमान मानन्धर**
**मदुम्ह पुतली माया मानन्धर**
पकनाज्वः, मीनः सतः, यें ।
साउनेपाटी



**मदुम्ह भाजुरत्न मानन्धर**
बुन्हि- बि.सं. १९३६
मदुगु न्हि- बि.सं. २०२७ बैशाख कृष्ण चौथी

**मदुम्ह अष्टमाया मानन्धर**
बुन्हि- बि.सं. १९५४ माघ
मदुगु न्हि- बि.सं. २०४३ कार्तिक कृष्ण सप्तमी
असं, त्यःर, यें

धर्मकीर्ति पत्रिका वर्ष ४०, अङ्क ८ या रङ्गिन कभर पेज (प्यंगू पाना) मदुपिं **पूर्णमान मानन्धर**, **पुतली माया मानन्धर**, **भाजुरत्न मानन्धर** व **अष्टमाया मानन्धर**पिनि पुण्य स्मृतिसं वय्कःपिनि छ्य्रपिसं स्थापना यानातःगु **"देव, रत्न स्मृति कोष"** पाखें धर्मदान यानादीगु खः ।

धर्मदान यानाः सञ्चय, यानादीगु पुण्य शक्तिं दिवंगत जुयादीपिं वय्कःपिं सहित सकल मेपिं थःथिति पितृजनपिनिगु लागि नं सुगति व निर्माण हेतु प्राप्त ज्वीमा धकाः आशिका यासे पुण्यानुमोदन याना ।

अथेहे धर्मदान यानादीपिं **"देव, रत्न स्मृति कोष"** या संस्थापक परिवारपिनि नं आयु आरोग्य व निरोगी कामना यासे वय्कःपिसं नं बुद्ध शिक्षा अभ्यास यायां थथःगु जीवन सफल याय् फय्मा धकाः आशिका यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल । भवतु सब्ब मंगलम् ।

## धर्मकीर्ति पत्रिका परिवार
## धर्मकीर्ति विहार
श्रीघः, नःघः, यें ।

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०७९/०८०)



धम्मसङ्गणी पाठ गर्नुहुँदै गुरुमांहरू अमता र सुवण्णवती




विभंग पाठ गर्नुहुँदै गुरुमांहरू श्रद्धावती र इन्दावती




धातुकथा पाठ गर्नुहुँदै गुरुमांहरू पञ्ञावती र जवनवती



पुग्गल पञ्ञती पाठ गर्नुहुँदै गुरुमांहरू वीर्यवती र शुभवती




कथावत्थु पाठ गर्नुहुँदै गुरुमांहरू दानवती र त्यागवती




यमक पाठ गर्नुहुँदै गुरुमांहरू कुशलावती र कुशुमावती



पट्ठान पाठ गर्नुहुँदै गुरुमांहरू केशावती र खेमावती



अभिधर्म पाठ श्रवण गर्नुहुँदै दातापरिवार

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com